# गौमुल गाउँपालिकाको

# रोजगार रणनीतिक योजना २०८२



गौमुल गाउँपालिका

घटमुना बाजुरा

## विषयसूची


कार्यकारी सारांश ........ १

खण्ड-१ रणनैतिक सन्दर्भ (Strategic Context) ........ २

१. पृष्ठभूमि ........ २

२. रोजगार रणनीतिको आवश्यकता/औचित्य ........ ३

३. अध्ययन पद्धति ........ ३

४. क्षेत्र ........ ३

५. सीमा ........ ३

खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण (Current Situation Analysis) ........ ४

२.१ भौगोलिक अवस्था ........ ४

२.२ जनसंख्याको अवस्था ........ ४

२.२ रोजगारी सम्बन्धी अवस्था ........ ५

२.३ गाउँपालिकामा रहेका उद्योग, प्रतिष्ठान तथा रोजगारदाताहरुको विवरण ........ ६

२.४ रोजगारी सम्बन्धी अवस्था विश्लेषण SWOT Analysis ........ ६

२.५ रोजगारी रणनीतिको कार्यान्वयन पश्चात सिर्जना हुन सक्ने अवसर र उपलब्धीको विश्लेषण ........ ७

खण्ड-३ रणनैतिक विश्लेषण (Strategic Analysis) ........ ७

३.१ वातावरणको विश्लेषण ........ ७

३.२ श्रम बजारको माग र आपूर्तिको विश्लेषण ........ ८

खण्ड-४ रणनैतिक सवालहरू (Strategic Issues) ........ ८

४.१ संरचनागत तथा संस्थागत सुधारात्मक पक्षहरु ........ ८

४.२ श्रम बजारमा सीप र अवसर बीचको अन्तराल ........ ९

४.३ भौगोलिक विकटता र पहुँचको चुनौती ........ ९

खण्ड-५ दुरदृष्टि, ध्येय र उद्धेश्य (long-term Vision, Mission and Objectives) ........ १०

५.१ दूरदृष्टि ........ १०

५.२ ध्येय ........ १०

५.३ उद्देश्यहरु ........ १०

खण्ड-६ रणनैतिक लक्ष्यहरू (Strategies goals) ........ ११

खण्ड-७ रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरु (Major Strategies) ........ १२

खण्ड-८ पाँच वर्षको रणनैतिक कार्ययोजना (Strategic Action Plan ) ........ १४

८.१ गौमुल गाउँपालिकाको रोजगारी रणनीति कार्यान्वयन कार्ययोजना ........ १५

८.२ गाउँपालिकाको रोजगार रणनीतिक नतिजा खाका ........ २१

खण्ड-९ श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource Mobilizations and Budget Management) ........ २३

९.१ आवश्यक स्रोतको खाका ........ २३

९.२ सम्भावित स्रोत व्यवस्थापनका रणनीतिहरु ........ २६

खण्ड-१० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था (Steering Committee, Monitoring and Evaluation) ........ २६

१०.१ निर्देशक समिति ........ २६

१०.२ अनुगमन तथा मूल्याङ्कन प्रणालीको संरचना ........ २६

खण्ड-११ जोखिम व्यवस्थापन (Risk Management) ........ २७

११.१ सम्भावित जोखिमहरुको पहिचान ........ २७

११.२ जोखिम व्यवस्थापन योजना ........ २७

## कार्यकारी सारांश

गौमुल गाउँपालिकाको दीर्घकालीन सोच "गौमुल गाउँपालिकाको सुशासन, दिगो विकास र समृद्धि" लाई पूरा गर्ने गरि 'गौमुल गाउँपालिकाको रोजगार नीति २०८२' एउटा ऐतिहासिक दस्तावेजको रूपमा तयार गरिएको छ। हामीले यो नीति तयार गर्नुको मुख्य उद्देश्य भनेकै हाम्रो गाउँपालिकामा बसोबास गर्ने प्रत्येक युवालाई आफ्नै माटोमा सम्मानपूर्वक जीवनयापन गर्न सक्ने रोजगारीका अवसर सिर्जना गर्नु हो।

"मर्यादित, सुरक्षित र दिगो रोजगारीको सुनिश्चितता, समृद्ध गौमुल निर्माणमा समुदायको अर्थपूर्ण सहभागिता" दूरदृष्टि सहितको यो रोजागरी नीतिको सफल कार्यान्वयनका लागि गाउँपालिकाले आन्तरिक स्रोतहरू यथासम्भव परिचालन गर्नेछ । तथापि, स्रोतका हिसाबले सीमित रहेका स्थानीय तहका लागि केन्द्र सरकार, प्रदेश सरकार तथा विकासमा सहकार्य गर्न इच्छुक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको बहुआयामिक सहयोग आवश्यक रहेको हुँदा सहकार्यका लागि सबै पक्षको सहयोग जुटाउन गाउँपालिका सदैब तत्पर रहनेछ । यसका लागि हामी सम्पूर्ण साझेदार निकायहरूलाई यो नीतिको कार्यान्वयनमा सहकार्य र साझेदारीको लागि हार्दिक आह्वान गर्दछौं।

यस नीतिका प्रमुख संवाहक हाम्रा युवाहरू नै हुन्। युवा शक्ति नै समृद्धिको मेरुदण्ड हो भन्ने कुरामा गाउँपालिका दृढ छ। हाम्रा युवाहरू विदेशिने हैन, आफ्नै गाउँमै सीपमा आधारित उद्यम र स्वरोजगार सिर्जना गर्ने अवसरका लागि आफू स्वयम अग्रसर हुने समय आएको छ। कृषि, पशुपालन, पर्यटन, निर्माण, सेवा क्षेत्र जस्ता प्राथमिक क्षेत्रहरूमा उद्यमशीलताको विकास गर्दै युवाहरूलाई उद्यमी बन्न सघाउने हाम्रो प्राथमिकता हुनेछ।

यो रोजगार नीतिको कार्यान्वयनका मुख्य सरोकारवाला पक्ष भनेका रोजगार तथा स्वरोजगारमा जोडिनु पर्ने युवाहरू, उनीहरूलाई रोजगारका अवसरहरू प्रदान गर्ने रोजगारदाता तथा युवा उद्यमशिलताबाट उत्पादित वस्तुको बजारीकरणमा सघाउने सबै निकायहरुलाई हामी गाउँपालिकाको तर्फबाट एक अर्कामा पारस्पारिक सहयोग आदान–प्रदान गर्न हार्दिक अनुरोध गर्दछौं । यहाँहरुको अपरिहार्य सहयोग विना यो रोजगार नीतिको व्यवहारिक कार्यान्वयन सम्भव छैन।

धन्यबाद्।

हरि बहादुर रोकाया

अध्यक्ष

## खण्ड-१ रणनैतिक सन्दर्भ (Strategic Context)

### १. पृष्ठभूमि

स्थानीय तहले आफ्नो भौगोलिक तथा अधिकार क्षेत्रभित्र रोजगारीका अवसरहरू विस्तार गर्दै सबै वर्ग, लिङ्ग, जातजाति, धर्म र संस्कृतिको पहिचान बोकेका नागरिकहरूलाई समावेशी ढंगले रोजगारमा आबद्ध गराउन सफल भएमा नेपालको संविधान २०७२ को धारा ३३ अनुसार प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्ने संवैधानिक दायित्व पूरा गर्न सकिनेछ भने संविधानको धारा ३४ मा निर्दिष्ट गरिए अनुसार प्रत्येक नागरिकले मर्यादित श्रम अभ्यासमा सहभागी हुन पाउने अधिकारको प्रभावकारी कार्यान्वयन गर्न पनि स्थानीय सरकार सक्षम हुनेछ। यसका अतिरिक्त श्रमिकको हक, श्रमको सम्मान, सामाजिक न्याय, समावेशिता, उद्यमशीलता, अनुशासन, मर्यादा र सुरक्षित श्रम वातावरण सुनिश्चित गर्ने सम्बन्धी संवैधानिक प्रावधानहरूलाई व्यवहारमा कार्यान्वयन गर्न स्थानीय तहले सक्रिय भूमिका निर्वाह गर्नु पर्ने दायित्व पनि पूरा हुने देखिन्छ।

संविधानमा भएका व्यवस्थालाई मूर्तरूप दिन, सरकारले श्रम तथा रोजगार क्षेत्रको व्यवस्थापनका लागि अन्य विविध नीति, ऐन र कार्यविधिहरू कार्यान्वयनमा ल्याएको छ। रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ३(१) ले प्रत्येक नागरिकलाई रोजगारी प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ भने दफा ४(१) ले रोजगारीको छनौट गर्न पाउने स्वतन्त्रता दिएको छ। रोजगारीको हक सम्बन्धी नियमावलीको परिच्छेद २ अन्तर्गत दफा ३ (क) देखि (च) सम्ममा संघ, प्रदेश र स्थानीय तहले न्यूनतम रोजगारी सुनिश्चित गर्न रोजगार कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था गरिएको छ। त्यसैगरी वैदेशिक रोजगार ऐन २०६४, श्रम ऐन २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७५ र रोजगार ऐन २०७५ ले पनि आम नागरिकको रोजगारीमा आवद्ध हुन पाउने अधिकारको वकालत गरेका छन्।

श्रम ऐन २०७४ ले श्रमिक र रोजगारदाताको अधिकार संरक्षण गर्ने उद्देश्यले विभिन्न महत्वपूर्ण व्यवस्था गरेको छ। दफा ६(१) मा कुनै पनि लिङ्ग, धर्म, जात, भाषा वा वैचारिक आधारमा भेदभाव गर्न नपाइने स्पष्ट गरिएको छ, भने दफा ७ मा समान कामको लागि समान पारिश्रमिकको सुनिश्चितता गरिएको छ। दफा ११ ले रोजगार सम्झौता नगरी काममा लगाउन नहुने प्रावधान राखेको छ भने दफा १६ मा प्रशिक्षार्थीलाई काममा लगाउन सकिने र यदि लगाइएमा उचित पारिश्रमिक दिनुपर्ने व्यवस्था गरिएको छ। त्यस्तै, दफा २८ अनुसार श्रमिकलाई दैनिक ८ घण्टा र साप्ताहिक ४८ घण्टाभन्दा बढी काममा लगाउन नपाइने, अतिरिक्त समय काम गराउँदा थप पारिश्रमिकको व्यवस्था गर्नुपर्ने कुरा दफा ३१ मा उल्लेख गरिएको छ। दफा ५४ र ५५ मा क्रमशः औषधोपचार र दुर्घटना बीमा सम्बन्धी प्रावधान गरिएको छ।

संवैधानिक तथा नीतिगत व्यवस्थाको सफल कार्यान्वयनका लागि नेपालमा हाल तीन तहका सरकारहरु जिम्मेवार रहेको देखिन्छ। तर व्यवहारिक कार्यान्वयनको विश्लेषण गर्दा सर्वसाधारणहरु रोजगारीका अवसरहरुको लागि भौतारिनु परिरहेको अवस्था छ। सीपमुलक तालिममा सहभागी हुने तर तालिम पश्चात सिकेका सीप लागू गर्न नसक्दा सीपमुलक तालिमको औचित्य माथि प्रश्न चिन्ह खडा भएको छ। स्थानीयस्तरमा खेतीयोग्य जमिन बाँझो बन्दै गएको छ भने युवाहरु वैदेशिक रोजगारीका अवसरहरु प्रति मन्त्रमुग्ध भएर लागिरहेको देखिन्छ। नेपाल आफैमा कृषिको लागि उर्वर क्षेत्र हो। ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरुको वृद्धि गर्दै स्थानीय समुदायलाई दिगो रोजगारीमा जोड्नका लागि कृषि तथा पशुपन्छी पालनको क्षेत्रमा व्यवसायिकतामा वृद्धि गर्नु जरुरी छ। यसले सम्बन्धित कृषकका अतिरिक्त अन्य समुदायलाई पनि रोजगारीमा जोड्नका लागि सहज वातावरण निर्माण गर्नेछ।

यस परिवेशमा गौमुल गाउँपालिकाले स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धि मार्गदर्शन, २०८० को अधिनमा रहि रोजगार रणनीति तयार गरेको छ। यस रोजगार रणनीतिको सफल कार्यान्वयनले गाउँपालिकाको अर्थतन्त्र सुधारमा टेवा मात्र पुग्ने छैन बरु युवाहरुमा बढ्दै गएको विदेश प्रतिको मोह, नेपाली राजनीति प्रतिको वितृष्णा कम गर्ने कुरामा उच्च योगदान पुऱ्याउने छ भने दैनिक एक छाकको व्यवस्थापनका लागि स–परिवार भारतमा गइ काम गर्नु पर्ने बाध्यात्मक परिस्थितिबाट थोरै भए पनि छुट्कारा दिलाउन योगदान पुऱ्याउने छ। यसबाट बालबालिकाहरु पनि आमाबाबुसँगै भारतमा जाने र यहाँ केही समयका लागि नियमित शिक्षा प्राप्त गर्ने अधिकारबाट बञ्चित हुने प्रवृत्तिमा पनि न्यूनीकरण हुने छ।

## २. रोजगार रणनीतिको आवश्यकता/औचित्य

स्थानीय तहमा मर्यादित, दिगो, समावेशी र सम्मानजनक रोजगारीका अवसरहरूको सुनिश्चितता गर्नु नेपालको संविधानले तोकेको दायित्व हो। संवैधानिक व्यवस्था कार्यान्वयन गर्न स्थानीय तहले दीर्घकालीन सोच, प्रष्ट लक्ष्य र प्रभावकारी रणनीति तय गर्नु अपरिहार्य हुन्छ। जनशक्ति र सीपबीचको खाडल कम गर्न, स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गर्न, सीपयुक्त श्रम उत्पादन गर्न र त्यसलाई अर्थतन्त्रसँग जोड्नका लागि स्थानीय तहको रोजगार रणनीतिको आवश्यकता देखिन्छ। वैदेशिक रोजगारीको विकल्पमा स्थानीय स्वरोजगार र उद्यमशीलता प्रवर्द्धन गर्नु स्थानीय समृद्धिको पूर्वाधार निर्माण गर्ने प्रमुख उपाय हो।

गौमुल गाउँपालिकाको जस्तो भौगोलिक रूपमा विकट तर कृषि, पशुपालन, जडीबुटी, र पर्यटनको सम्भावनाले भरिपूर्ण क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गर्नु स्थानीय तहको पहिलो प्राथमिकता भित्र पर्दछ। मौजुदा सीपमूलक तालिमहरू प्रभावकारी रूपमा उपयोग नभएको, उत्पादनमूलक सीप अभाव, युवा जनशक्तिको विदेश पलायन, खेतीयोग्य जमिन बाँझो रहनु, बजार अभाव, र उद्यममा लगानी अभाव जस्ता समस्याले स्थायीत्वपूर्ण रोजगार विकासको मार्ग अवरुद्ध गरिरहेको वर्तमान परिवेशमा स्थानीय तहको रोजगार रणनीति एक अपरिहार्य दस्तावेज अन्तर्गत पर्दछ। यस्ता चुनौतीलाई सम्बोधन गर्न रणनीतिक, संस्थागत र बजेट व्यवस्थापन योजना आवश्यक भएकोले रोजगार रणनीतिको औचित्य पुष्टि हुन्छ। उक्त रणनीतिले नीति, योजना, स्रोत परिचालन, कानुनी आधार र अनुगमन संयन्त्रलाई एकीकृत गरेर स्थानीय जनशक्तिलाई उत्पादनमूलक क्षेत्रतर्फ आकर्षित गर्ने माध्यम तयार गर्छ।

## ३. अध्ययन पद्धति

गौमुल गाउँपालिकाको रोजगार रणनीतिक योजना तयार गर्नका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा रोजगार रणनीतिक योजना निर्माण कार्यदल गठन गरि यसको आवश्यकता, तयारी प्रक्रिया र कार्यान्वयनका लागि गाउँपालिकाले चाल्नु पर्ने कदमका विषयमा अन्तरक्रियात्मक छलफल गरिएको थियो। तत्पश्चात प्रारम्भिक रूपमा गाउँपालिकाको आवधिक योजना, संघीय तथा प्रदेश सरकारका श्रम र रोजगार सम्बन्धी नीति, ऐन, नियमावली तथा मार्गदर्शनहरूलाई सैद्धान्तिक आधारका रूपमा प्रयोग गरिएको छ।

यसका अतिरिक्त गौमुल गाउँपालिकाको रोजगार शाखाले स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धि मार्गदर्शन, २०८० को अनुसूची २ बमोजिम सङ्कलन गरेको तथ्याङ्कलाई विश्लेषण गरिएको थियो भने यहाँको वर्तमान अवस्था, रोजगारका सम्भावनाहरु र आगामी रणनीतिहरु तय गर्दै आधारभूत जानकारीलाई पुष्टि गर्नका लागि अनुसूची ३ अनुसार प्रमुख सरोकारवालासँग अन्तरक्रिया, रोजगारदातासँग अन्तर्वार्ता तथा स्थानीय बासिन्दासँग परामर्श र सुझाव संकलन गरिएको थियो। रोजगार रणनीति तयारीका क्रममा विशेषगरी गाउँपालिकाको रोजगार शाखाका कार्यरत जनशक्तिका विचार, सम्भावित अवसर र तयार गरे पश्चात यो रोजगार रणनीति कार्यान्वयनका लागि के कस्ता अवरोधहरु आउन सक्ने देखिन्छ र ति अवरोधहरुलाई हटाउनका लागि के कस्ता रणनीतिहरु तयारी गर्नु पर्ने हो भन्ने विषयमा वृहतरुपमा छलफल गरिएको थियो।

## ४. क्षेत्र

यो रोजगार रणनीतिक योजना बाजुरा जिल्लाको गौमुल गाउँपालिकाको प्रशासनिक र भौगोलिक क्षेत्रलाई लक्षित गरी तयार गरिएको छ। सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लाका ९ वटा स्थानीय तहहरु मध्येको एक स्थानीय तहका रुपमा रहेको गौमुल गाउँपालिका हाल ६ वटा वडामा विभाजित छ। गाउँपालिकाको भू–संरचना विकट, पहाडी तथा उच्च हिमाली भूभागमा फैलिएको छ जसले यहाँको जनजीवन, आर्थिक क्रियाकलाप र रोजगारका अवसरहरूमा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ।

यस रणनीतिक योजना अन्तर्गत सम्पूर्ण वडाहरूका स्थानीय स्रोत, उत्पादनशील क्षेत्र, जनशक्ति, सीप, रोजगारीका चुनौती तथा सम्भावनाहरूको अध्ययन गरि समावेश गरिएको छ। गाउँपालिकाभित्र रहेका प्रत्येक समुदाय, लिंग, वर्ग र जातीय समूहलाई लक्षित गरी योजना बनाइएको हुँदा यो रणनीति सम्पूर्ण पालिकाभित्र व्यवहारिक रूपमा कार्यान्वयन योग्य छ।

## ५. सीमा

क्षेत्रगत रुपमा गौमुल गाउँपालिकाको रोजगार रणनीतिक योजना गाउँपालिका भित्रको प्रशासनिक सीमाभित्र मात्रै केन्द्रित छ। योजना निर्माणका क्रममा गाउँपालिका भित्रका उपलब्ध मानव संसाधन, स्थानीय स्रोत, सीपको अवस्था, वैदेशिक तथा आन्तरिक रोजगारी

प्रवृत्ति, लघु तथा मझौला उद्योग, कृषि, पशुपालन, जडीबुटी, पर्यटन र अन्य सम्भावनाहरूको विश्लेषणका आधारमा यो रणनीतिक योजना तयार गरिएको छ। योजनाको कार्यान्वयनको क्षेत्रगत सीमा गाउँपालिका भित्र रहेका ६ वटै वडा सम्म रहने छ।

तर यस रोजगार रणनीतिक योजनामा समावेश गरिएका रणनीतिहरुको दायराको हिसाबले यसको सीमा अनौपचारिक क्षेत्रको रोजगारीका अवसरहरुमा केन्द्रित छ। यसले सरकारी/अर्ध सरकारी स्थायी, अस्थायी तथा करार प्रकृतिका रोजगारीका क्षेत्रहरुमा कुनै पनि रणनीतिक फोकस गरेको छैन। मुख्य गरि स्थानीयस्तरमा सञ्चालन गर्न सकिने साना तथा मझौला प्रकृतिका उद्योग/उद्यमशिलता, कृषि तथा गैर–कृषि क्षेत्रमा रोजगार, स्वरोजगारका अवसरहरु सृजना गर्ने र ति रोजगारीहरुमा स्थानीय युवा, सामाजिकरुपमा पछाडि पारिएको वर्गको समन्यायिक सहभागितालाई प्राथमिकता दिएर यो रणनीति तयार गरिएको छ।

## खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण (Current Situation Analysis)

### २.१ भौगोलिक अवस्था


गौमुल गाउँपालिका सुदूरपश्चिम प्रदेश अन्तर्गत बाजुरा जिल्लाको एक हिमाली स्थानीय तह हो। सदरमुकाम मार्तडीबाट उत्तर–पश्चिमतर्फ अवस्थित यो पालिका पूर्वमा बुढिनन्दा नगरपालिका, पश्चिममा बझाङ, उत्तरमा हिमाली गाउँपालिका र दक्षिणमा बडीमालिका तथा छेडेदह गाउँपालिकासँग सीमाना जोडिएको छ। यो गाउँपालिका समुद्री सतहबाट १३६० मिटर देखि ५४४० मिटर उचाइमा फैलिएको छ र कुल क्षेत्रफल ३१४.६६ वर्ग कि.मि. रहेको छ। भू–संरचना अनुसार अधिकाँश भू–भाग भिरालो, चट्टानी र वन जङ्गल प्रशस्त छ। वनजङ्गलले ३७%, घाँसे भूभागले २४%, वुट्यानले १९% र बाँझो उजाड भूमिले १३% भूभाग ओगटेको छन्। यहाँको मौसम समशीतोष्ण देखि चिसो र हिमपातयुक्त रहन्छ।

प्राकृतिक स्रोतका रूपमा खोला, धाराहरू र वन उपयुक्त छन्, जसले खानेपानी, सिँचाइ र जडीबुटी/घाँस/काठ उत्पादनमा सहयोग पुऱ्याउँछन्। पहिरो, हिमपात, चट्याङ र बाढी कटानजस्ता प्राकृतिक विपद्को जोखिम उच्च छ। गाउँपालिका ६ वडामा विभाजित छ, जसको क्षेत्रफल फरक–फरक रहेको छ। वडा नं. १ सबैभन्दा ठूलो (१५७.४३ वर्ग कि.मि.) र वडा नं. ४ सबैभन्दा सानो (९.२५ वर्ग कि.मि.) छ। प्रशासनिक केन्द्र घट्मुनामा छ र सबै वडामा वडा कार्यालय स्थापना गरी सेवा प्रवाह भइरहेको छ।

### २.२ जनसंख्याको अवस्था

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार गौमुल गाउँपालिकाको जम्मा घरधुरी संख्या १७१६ रहेको देखिन्छ भने ४३०४(४८.३%) पुरुष र ४६०९(५१.७%) महिला गरि ८९१३ जम्मा जनसंख्या रहेको छ। गाउँपालिकाको वडागत जनसंख्या तलको चार्टमा देखाइएको छ :

गौमुल गाउँपालिकाका ६ वटै वडाको विश्लेषण गर्दा महिलाको जनसंख्या अधिकांश वडामा पुरुषको तुलनामा बढी देखिन्छ। वडा नं. १ मा पुरुष ६६२ र महिला ७४६, वडा नं. २ मा पुरुष ७९८ र महिला ८८५, वडा नं. ३ मा पुरुष ६२७ र महिला ६९४, वडा नं. ४ मा पुरुष ८३९ र महिला ८९०, वडा नं. ५ मा पुरुष ६२७ र महिला ६५९ तथा वडा नं. ६ मा पुरुष ७५१ र महिला ७३५ जना रहेका छन्।



जनसंख्याको हिसाबले वडा नं. ४ सबैभन्दा बढि र वडा नं. ५ सबैभन्दा कम जनसंख्या भएको वडा हो ।

तर गौमुल गाउँपालिकाको रोजगार शाखाले सङ्कलन गरेको तथ्याङ्कीय विवरण अनुसार यस गाउँपालिकाको जनसांख्यिक विवरण केही फरक रहेको छ । उक्त तथ्याङ्क सर्वेक्षणको नतिजा अनुसार यस गाउँपालिकामा जम्मा घरधुरी १७३६ र जम्मा जनसंख्या ११५११ रहेको देखिन्छ  जस्मा ५६६९ महिला र ५८४२ जना पुरुष रहेको देखिन्छ। उमेरगत विश्लेषण गर्दा १८–५९ वर्ष उमेर समूहको जनसंख्या सबै भन्दा बढि (६८५८) रहेको देखिन्छ । जनसंख्याको विवरण यस अनुसार रहेको छ :

| वडा नं | घरधुरि संख्या | लैङ्गिक विवरण | | | उमेरगत विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | ०–१७ वर्ष | १८–५९ वर्ष | ६० वर्ष माथि |
| १ | २६१ | ९१९ | ९२१ | १८४० | ६७५ | १०१९ | १४६ |
| २ | ३२७ | १०९९ | १०४७ | २१४६ | ७७८ | १२७७ | ९१ |
| ३ | २५८ | ९१९ | ९९५ | १९१४ | ६६६ | ११३७ | १११ |
| ४ | ३३० | १००६ | १०५६ | २०६२ | ७८८ | १२०४ | ७० |
| ५ | २४६ | ७६७ | ८१० | १५७७ | ६०७ | ८७५ | ९५ |
| ६ | ३१४ | ९५९ | १०१३ | १९७२ | ५६७ | १३४६ | ५९ |
| **जम्मा** | **१७३६** | **५६६९** | **५८४२** | **११५११** | **४०८१** | **६८५८** | **५७२** |

स्रोत: गौमुल गाउँपालिकाको रोजगार शाखाको सर्वेक्षण, २०८१

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाबासीको साक्षरताको विश्लेषण गर्दा पुरुष साक्षरता ८१.१% र महिला साक्षरता ६७.८% रहेको देखिन्छ भने समग्र साक्षरता दर ७४.२% रहेको देखिन्छ । तर रोजगार शाखाले गरेको सर्वेक्षण अनुसार जम्मा जनसंख्या ११५११ मध्ये ११२४४ जना साक्षर रहेको देखिन्छ । १९२९ जनाले एस.एल.सी./एस.इ.इ. पास गरेको देखिन्छ भने ७९७ जनाले प्रविणता प्रमाणपत्र तह अर्थात उच्च मा.वि. तह पास गरेको देखिन्छ ।

## २.२ रोजगारी सम्बन्धी अवस्था

यस गाउँपालिकामा बसोबास गर्ने गौमुलबासीहरुको रोजगारीको अवस्था विश्लेषण गर्दा तपसिल अनुसारको अवस्था रहेको देखिन्छ :

| वडा नं | मौसमी रोजगारी | सरकारी | | निजी वा गैर सरकारी | वैदेशिक रोजगारी |
|---|---|---|---|---|---|
| | | करार | स्थाई | | |
| १ | १८ | ३३ | ११ | २१ | ५१ |
| २ | ९७ | ५० | २५ | ३४ | १४८ |
| ३ | ३०३ | ३४ | ५६ | १८ | १३२ |
| ४ | २९६ | २९ | २३ | २३ | २३९ |
| ५ | ३०२ | २३ | २० | १३ | १४० |
| ६ | २८ | ७५ | २४ | ३ | २४० |
| **जम्मा** | **१०४४** | **२४४** | **१५९** | **११२** | **९५०** |

स्रोत: गौमुल गाउँपालिकाको रोजगार शाखाको सर्वेक्षण, २०८१

मौसमी रोजगारी भन्नाले अर्ध बेरोजगार अर्थात गाउँमा कुनै पनि साना–ठूला निर्माणका कामहरु वा अन्य अवसरहरुमा छोटो समयका लागि आम मानिसले श्रमिकको रुपमा काम पाउने गरेको रोजगारी हो । यस प्रकारका रोजगारीका अवसरमा १०४४ जना श्रमिकले काम गर्ने गरेको देखिन्छ । सरकारी जागिरमा आवद्ध जनशक्तिको विश्लेषण गर्दा २४४ जना करार सेवा र १५९ जना स्थायी प्रकृतिको जागिरमा रहेको देखिन्छ । ११२ जना व्यक्तिहरुले निजी तथा गैर सरकारी संस्था, सहकारी लगायतका क्षेत्रमा काम गरिरहेको देखिन्छ भने ९५० जना व्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ । यस तथ्याङ्कको विश्लेषण गर्दा गाउँपालिकाको जनसंख्याको ठूलो हिस्सा बेरोजगार रहेको देखिन्छ ।

## २.३ गाउँपालिकामा रहेका उद्योग, प्रतिष्ठान तथा रोजगारदाताहरुको विवरण

गौमुल गाउँपालिकामा उद्योग तथा रोजगारदाताहरूको अवस्थाको अध्ययन गर्नका लागि सरोकारवालासँग गरिएको अन्तरक्रियात्मक छलफल र स्थानीय स्तरको अवलोकनले स्पष्ट पारेको छ कि गाउँपालिकामा संस्थागत रूपमा रोजगारी सृजना गर्ने खालका ठूला उद्योग, व्यापारिक प्रतिष्ठान वा निजी रोजगारदाताहरूको उपस्थिति अति न्यून वा नितान्त अभावकै अवस्थामा रहेको छ । यद्यपि गाउँपालिकाको विभिन्न बस्तीहरूमा होटल, खुद्रा पसल, धान र गहुँ पिस्ने मिल, पानी घट्ट, फर्निचर उद्योग लगायतका केही साना तथा मझौला स्वरूपका उद्यमहरू पाइन्छन्, तर ती सबै अधिकांशको सञ्चालनमा पारिवारिक श्रमशक्तिमा आधारित छन् । ती व्यवसायहरूले अतिरिक्त जनशक्तिलाई रोजगारी दिने अवस्था सिर्जना गरेका छैनन् ।

निर्माण सम्बन्धी कार्यहरू जस्तै सडक निर्माण, मर्मत, पोखरी तथा पाटी–पौवाको निर्माण जस्ता भौतिक पूर्वाधारमा आधारित गतिविधिहरूमा भने बाह्य तथा स्थानीय जनशक्तिको प्रयोग भएको पाइन्छ । यस्तो कार्यहरू प्रायः ठेक्का प्रणाली मार्फत सम्पन्न हुने हुँदा ठेकेदारहरूद्वारा अस्थायी रूपमा श्रमिकहरू परिचालन गर्ने गरिएको छ । यस्ता कामहरूमा स्थानीय जनतालाई सीमित समयका लागि मौसमी वा अस्थायी रोजगारी मिल्ने गरेको देखिन्छ । गाउँपालिकाले यस्ता निर्माण कार्यहरूमा मेशिन प्रयोगलाई सकेसम्म कम प्राथमिकता दिने नीति अनुरूप, अधिक जनशक्ति परिचालन गर्न प्रेरित गरेको पाइन्छ, जसले स्थानीय बासिन्दाहरूलाई अल्पकालीन रोजगारी उपलब्ध गराउन केही योगदान दिएको देखिन्छ ।

तर, स्थायी, दिगो, र दीर्घकालीन रोजगारी सृजना गर्ने खालका व्यवसायिक संरचनाहरूको अभावले गर्दा युवाहरू वैदेशिक रोजगारतर्फ आकर्षित हुने अवस्था देखिन्छ । यस सन्दर्भमा, रोजगारी सृजनाको सम्भाव्यता, स्थानीय स्रोत र सीपको अभिवृद्धि, तथा लघु उद्यमशीलताको प्रवर्द्धन सम्बन्धी दीर्घकालीन रणनीति आवश्यक देखिन्छ ।

## २.४ रोजगारी सम्बन्धी अवस्था विश्लेषण SWOT Analysis

गौमुल गाउँपालिका भौगोलिक विकटता, पूर्वाधारको अभाव र सीमित आर्थिक गतिविधिका कारण औपचारिक तथा दीर्घकालीन रोजगारीको अवसर अत्यन्त न्यून छ । साना व्यवसायहरू पारिवारिक श्रममा आधारित छन् र संस्थागत रोजगारदाताको अभाव देखिन्छ । निर्माण कार्यमा केही अस्थायी रोजगारी सिर्जना भए पनि समग्र रोजगारी अवस्था अझै कमजोर छ। यही सन्दर्भमा SWOT विश्लेषण प्रस्तुत गरिएको छ । गौमुल गाउँपालिकामा रोजगारीको सन्दर्भमा सबल पक्षहरु(Strengths), सुधारात्मक पक्षहरू( Weaknesses), अवसरहरू(Opportunities) र चुनौतीहरू (Threats) को विषयमा विश्लेषणात्मक विवरण यस अनुसार दिइएको छ :

| **सबल पक्षहरु(Strengths)** | **सुधारात्मक पक्षहरू (Weaknesses)** |
|---|---|
| (क) गाउँपालिकामा रैथाने बाली, फलफूल, जडीबुटी, पशुपन्छी पालनको क्षेत्रमा व्यवसायिकता वृद्धि गर्न सकिएमा अत्यन्त उर्वरा जमिन छ ।<br>(ख) गाउँपालिकाको लगभग हरेक वडामा सडक बाटोको पहुँच पुगिसकेको हुँदा स्थानीय उत्पादनलाई बजारीकरण गर्न त्यति कठिन छैन | (क) युवा, महिला, कृषक वर्गले व्यवसायिक भन्दा पनि परम्परागत तरिकाले कृषि पेसा अङ्गालेको देखिन्छ जसले गर्दा कृषकलाई आम्दानीसँग जोड्न सकिएको छैन । बरु आम कृषकहरू निर्वाहमुखी कृषि तथा पशुपालनमा आबद्ध हुने भएकोले आम मानिस व्यस्त देखिने तर आम्दानीको स्तर वृद्धि नहुने अवस्था छ । |

| | |
|---|---|
| (ग) कृषकहरूले हाल सम्म पनि कुनै पनि प्रकारको विषादीहरू प्रयोग नगरेको हुँदा प्राङ्गारिक खेतीको उच्च सम्भावना रहेको छ।<br>(घ) गौमुल क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिएको खण्डमा कृषि–पर्यटन क्षेत्रमा युवाहरूलाई स्वरोजगार बनाउन सकिने सम्भावना देखिन्छ। | (ख) बाहिरबाट आयातित खाद्यान्नमा निर्भर बढ्दै गएको हुँदा आम मानिसमा दुःख गर्ने प्रवृत्ति घट्दै गएको देखिन्छ।<br>(ग) विभिन्न संघसंस्थाका कार्यक्रमहरूमा सहभागी हुँदा कार्यक्रममा सहभागिता जनाए बापत प्राप्त गर्ने दैनिक भत्ताले खराब परम्परा स्थापना गरेको छ। |
| **अवसरहरू(Opportunities)** | **चुनौतीहरू (Threats)** |
| (क) स्थानीयस्तरमा रोजगारीको दायरा विस्तारका लागि केन्द्र, प्रदेश तथा स्थानीय सरकार सबैले उतिकै बराबर भएर जिम्मेवार बन्नु पर्ने भएकोले परिणाममुखी योजना भएमा लगानी साझेदारीका अवसरहरू प्रशस्त छन्।<br>(ख) गौमुलमा विभिन्न दातृ निकायहरू पनि सक्रिय रूपमा कार्यरत भएकोले योजना दिगो र परिणाममुखी भएमा सहकार्यका अवसरहरू धेरै छन्।<br>(ग) युवाहरूलाई विभिन्न चरणमा अभिमुखीकरण गर्दै गएमा यही देशमा रोजगारीका अवसरहरूको सृजना गर्न सकिन्छ भन्ने विषयमा युवा सचेत बन्दै गएको अवस्था छ। | (क) गौमुल गाउँपालिका विपदको उच्च जोखिममा रहेको हुँदा विभिन्न समयमा हुन सक्ने प्राकृतिक प्रकोपका कारण कृषि तथा पशु पन्छी पालनको क्षेत्रमा लगानी सुरक्षित गर्नका लागि बीमा कम्पनीहरूको सँग नजिक रहेर काम गर्नु पर्ने अवस्था छ।<br>(ख) हालको अवस्थामा रोजगारीको क्षेत्रमा वैकल्पिक अवसरहरूको खाँचो छ।<br>(ग) कृषि तथा पशु पन्छी पालनको क्षेत्रमा राम्रो उत्पादन हुन नसकेको अवस्थामा युवा मन अलि अस्थिर हुने भएको हुँदा स्थापित व्यवसाय छोडेर पुन: वैदेशिक रोजगारी प्रति आकर्षित हुन सक्ने सम्भावना छ। |

## २.५ रोजगारी रणनीतिको कार्यान्वयन पश्चात सिर्जना हुन सक्ने अवसर र उपलब्धीको विश्लेषण

गौमुल गाउँपालिकामा रोजगारी रणनीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेमा स्थानीय स्रोत, सीप र जनशक्तिमा आधारित विविध आयआर्जनका अवसरहरू सिर्जना गर्न सकिनेछ। कृषि, पशुपालन, जडीबुटी संकलन तथा प्रशोधन, घरेलु तथा साना उद्योग, पर्यटन प्रवर्द्धन, निर्माण कार्यहरूमा स्थानीय श्रमिकको प्रयोग, प्राविधिक तथा व्यवसायिक तालिममार्फत सीपयुक्त जनशक्ति उत्पादन जस्ता उपायहरूबाट स्वरोजगार र लघु उद्यमशीलता विस्तार गर्न सकिनेछ। यसले युवाहरूको वैदेशिक पलायनलाई न्यूनीकरण गर्दै ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउनेछ।

# खण्ड-३ रणनैतिक विश्लेषण (Strategic Analysis)

## ३.१ वातावरणको विश्लेषण

गौमुल गाउँपालिकाको रोजगार रणनीति तयारीको सन्दर्भमा वातावरणको विश्लेषण गर्दा समष्टिगत, स्थानीय, नीतिगत, कानुनी, सामाजिक तथा आर्थिक पक्षहरूलाई ध्यान दिइएको छ। नेपालको संविधान २०७२, रोजगारीको हक सम्बन्धी ऐन २०७५, श्रम ऐन २०७४, वैदेशिक रोजगार ऐन २०६४, र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७५ लगायतका नीति तथा कानुनी दस्तावेजहरूले प्रत्येक नागरिकको मर्यादित, सुरक्षित र समावेशी रोजगारीप्रतिको पहुँच सुनिश्चित गरेका छन्। यी व्यवस्थाहरूले संघ, प्रदेश र स्थानीय तहमा रोजगारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने संवैधानिक तथा कानुनी आधार तयार गरेका छन्।

स्थानीय तहमा रोजगारी सिर्जनाका दृष्टिकोणले वातावरण अनुकूल भए पनि व्य वहारिक चुनौतीहरू विद्यमान छन्। जस्तै, सीपयुक्त श्रमको अभाव, सार्वजनिक-निजी सहकार्यको सीमितता, रोजगारीका स्रोतहरूको न्यून पहिचान, बजेटको अभाव, योजनाको दिगोपनाको कमी, र वैदेशिक रोजगारीप्रतिको मोहका कारण उत्पादनशील जनशक्ति पलायन भइरहेको छ। त्यस्तै, जलवायु परिवर्तन, विपद् जोखिम, पहुँचको अभाव र स्थानीय पूर्वाधारको कमजोरीले रोजगारीको दायरा फराकिलो बनाउन अवरोध खडा गरिरहेको छ।

कृषि, पशुपालन, जडीबुटी, घरेलु तथा साना उद्योग र पर्यटन क्षेत्रमा रोजगारीको सम्भावना बलियो छ। नीति तथा कानुनी वातावरणले स्थानीय तहलाई स्वरोजगार तथा सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्न सक्षम बनाएको छ। अहिलेको चुनौती भनेको यी अवसरलाई परिणाममुखी योजना मार्फत कार्यान्वयनको रणनीतिक खाका तयार गर्ने र सोही अनुसार बजेट व्यवस्थापन गरि गाउँपालिकाबासीलाई सुरक्षित, मर्यादित र दिगो रोजगारीका अवसरमा जोड्नु हो।

## ३.२ श्रम बजारको माग र आपूर्तिको विश्लेषण

गौमुल गाउँपालिकामा श्रम बजारको माग र आपूर्तिको विश्लेषण गर्दा गम्भीर असन्तुलन देखिन्छ। श्रमको आपूर्तिको पक्षमा १८–५९ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा बढी रहेको देखिन्छ जुन उत्पादनशील श्रम शक्ति हो। तर, यी मध्ये धेरैजसो व्यक्तिहरू बेरोजगार, मौसमी श्रमिक वा वैदेशिक रोजगारमा जानेहरू छन्। रोजगारी सिर्जनाको मुख्य माध्यम बन्न सक्ने कृषि, पशुपालन, जडीबुटी, निर्माण, घरेलु उद्योग लगायतका क्षेत्रमा आवश्यक सीपयुक्त जनशक्तिको अभाव स्पष्ट देखिन्छ।

श्रमको मागको पक्षमा भने संस्थागत रोजगारीका अवसर अत्यन्त सीमित छन्। गाउँपालिकामा ठूला उद्योग वा निजी क्षेत्रको उल्लेखनीय उपस्थिति छैन। मौसमी निर्माण कार्य वा अन्य अस्थायी रोजगार बाहेक दीर्घकालीन, स्थायी रोजगारी सिर्जना गर्ने अवसर न्यून छन्। उत्पादन क्षमता सहितका लघु उद्यम तथा स्वरोजगार क्षेत्रहरू विकास हुन नसक्दा श्रम बजारको माग सृजना भएको देखिदैन। सीप तथा क्षमताको अभाव, प्रविधिमा पहुँचको कमी, लगानीको असुरक्षा, तथा युवाहरूमा उद्यमशीलता प्रवर्द्धन प्रतिको चासो अभावका कारण श्रम बजारमा माग र आपूर्तिबीच गहिरो खाडल बनाएको देखिन्छ।

# खण्ड-४ रणनैतिक सवालहरू (Strategic Issues)

रोजगार रणनीतिको प्रभावकारी कार्यान्वयनमा विभिन्न बहुआयामिक चुनौतीहरूको अनुमान गरिएको छ जसले दीर्घकालीन रोजगारी सिर्जना प्रक्रियालाई कमजोर बनाउन सक्ने देखिन्छ। ती चुनौतीहरूलाई विश्लेषण गर्दा यहाँ उल्लेखित मुख्य रणनीतिक सवालहरू विशेष रूपले पहिचान गरिएको छ :

## ४.१ संरचनागत तथा संस्थागत सुधारात्मक पक्षहरु

### ४.१.१ प्राविधिक जनशक्तिको व्यवस्थापन

गाउँपालिकाले तयार गरेको रोजगार रणनीतिको व्यवहारिक कार्यान्वयन तथा अनुगमन तथा मूल्याङ्कनका लागि गाउँपालिकाले दिगोरुपमा प्राविधिक जनशक्तिको व्यवस्थापन गर्न जरुरी देखिन्छ। रोजगार शाखामा कार्यरत जनशक्तिलाई आवश्यक तालिम र प्रविधिको व्यवस्थापन गरि रोजगार रणनीतिको व्यवहारिक कार्यान्वयनमा परिचालन गर्नु गाउँपालिकाको पहिलो काम हुन आउछ।

### ४.१.२ नीति कार्यान्वयन संयन्त्रको व्यवस्थापन

स्थानीय रोजगार सेवा केन्द्र, तालिम संयोजन इकाइ, निर्देशक समिति तथा अनुगमन तथा मूल्याङ्कन समिति जस्ता संयन्त्रहरूलाई सक्रियरुपमा परिचालन गर्नु गाउँपालिकाका लागि अर्को रणनीतिक चुनौती देखिन्छ। कार्यान्वयन गर्ने संस्था तथा विभिन्न संयन्त्र बीच स्पष्ट कार्यविभाजन र जिम्मेवारी निर्धारण नहुनु पनि एउटा संरचनात्मक कमजोरी हो।

### ४.१.३ अन्तरसंस्थागत समन्वयको व्यवस्थापन

संघ, प्रदेश र स्थानीय तहबीच रोजगार सम्बन्धी सूचना प्रवाह, तालिम तालमेल तथा बजेट साझेदारीमा प्रगतिमुलक कार्यतालिका तयार गरि कार्यान्वयन गर्नु पर्ने देखिन्छ। यस्तै, रोजगार प्रवर्द्धनमा सक्रिय संघ–संस्था र सहकारीहरू बीच सहकार्यको औपचारिक संयन्त्र नहुँदा दोहोरो प्रयास हुने वा अवसर गुम्ने अवस्था देखिन्छ।

## ४.२ श्रम बजारमा सीप र अवसर बीचको अन्तराल

### ४.२.१ व्यवसायिक सीपको अभाव

स्थानीय जनशक्तिमा परम्परागत सीप प्रशस्त भए पनि ती सीप व्यवसायमा रूपान्तरण गर्न सकिने खालका छैनन् । समय अनुसार अद्यावधिक सीप (जस्तै कृषि–उद्योगीय, प्राविधिक, व्यवस्थापकीय आदि) को विकास नहुनु रोजगारी सृजनामा बाधक बनेको देखिन्छ ।

### ४.२.२ तालिम र रोजगारी बीचको तालमेल अभाव

गाउँपालिकामा दिइने सीपमूलक तालिमहरू श्रम बजारको माग अनुसार नहुँदा तालिम लिए पनि युवाहरू रोजगारीमा आबद्ध हुन सकिरहेका छैनन् । तालिमको गुणस्तर, व्यवहारिक पक्ष र परिणाम मूल्याङ्कनको कमजोर व्यवस्थाले यो समस्या अझ जटिल बन्दै गएको छ । तालिम लिने सहभागीहरुको क्षमता, इच्छा आकांक्षा र स्थानीय आवश्यकताको पहिचान सहित सीपमुलक तालिम व्यवस्थापन गर्न नसक्दा यो समस्याले झन विकराल रुप लिदै गएको देखिन्छ । तालिममा सहभागी हुने तर उक्त सीपलाई व्यवहारमा कार्यान्वयन गर्न नसक्ने अवस्था व्याप्त छ ।

### ४.२.३ उद्यमशीलताको न्यूनता

युवाहरूमा स्वरोजगारी वा लघु उद्यम सुरु गर्ने सोच, सीपको सदुपयोग र जोखिम लिने क्षमता र वित्तीय पहुँचको अभाव रहेको देखिन्छ। आर्थिक असुरक्षाका कारण आत्मनिर्भर उद्यम सुरु गर्ने मनोवृत्ति विकास हुन सकेको छैन जसले वैदेशिक रोजगारमा निर्भरता बढाएको छ ।

## ४.३ भौगोलिक विकटता र पहुँचको चुनौती

### ४.३.१ आधारभूत पूर्वाधारको अभाव

गौमुल गाउँपालिकाको धेरैजसो वडामा सडक, नियमित बिजुली, सञ्चार, तालिम केन्द्र, कृषि सेवा केन्द्र जस्ता पूर्वाधारको अभाव रहेको छ । यसले व्यवसाय सञ्चालन, सीप विकास, उत्पादन तथा बजारीकरणमा प्रत्यक्ष अवरोध उत्पन्न गरेको छ । गाउँपालिकाले व्यवस्था गरेको बैकल्पिक हाइड्रोको बिजुली बत्तीले स्थानीयबासीहरुले बत्ति बाल्न पाए ता पनि कुनै पनि मिल, लगायत अन्य साना तथा मझौला उद्योगहरु सञ्चालन गर्न सक्ने बिद्युतको क्षमता छैन जस्का कारण आम मानिसहरु अहिले पनि परम्परागत पानी घट्ट तथा तेल पेल्ने मिलका लागि टाढा सम्म जानु पर्ने अवस्थामा स्थानीयस्तरमा साना तथा मझौला उद्योग स्थापना गर्न सक्ने अवस्था छैन ।

### ४.३.२ लगानीकर्ता र सेवा प्रदायकको पहुँचको अभाव

निर्माण, कृषि, पर्यटन वा सेवा क्षेत्रमा लगानी गर्न चाहने निजी क्षेत्र तथा सहकारीहरूको पहुँच स्थानीय बजार र सेवा–उपभोक्ता सम्म पुग्न नसकेको देखिन्छ । भौगोलिक विकटता र जोखिमका कारण संस्थागत लगानीकर्ताहरू आकर्षित गर्न कठिन भएको छ । स्थानीय सहकारी तथा आर्थिक कारोबार गर्ने संघसंस्थाहरुले समुदायमा आर्थिक लगानी भित्र्याउन सकेको देखिदैन भने बैंकिङ्ग प्रणालीमा आर्थिकरुपमा कमजोर वर्गको पहुँच शुन्य प्राय छ ।

### ४.३.३ विपद् जोखिम र मौसमी चुनौती

हिमपात, बाढी, पहिरो, सुख्खा वा असिनापानी जस्ता मौसमी तथा प्राकृतिक जोखिमहरूले विशेषगरी कृषि र निर्माण क्षेत्रमा रोजगारी सृजना तथा निरन्तरता कायम गर्न कठिन बनाएको छ । यस्तो जोखिम व्यवस्थापनको योजनागत पूर्वतयारी नहुँदा मौसमी रोजगारी पनि प्रभावित भएको छ । यस प्रकारका जोखिमहरुले कृषि तथा पशुपन्छी पालनमा समेत प्रत्यक्ष असर पुऱ्याइरहेको देखिन्छ । स्थानीयस्तरमा रोजगारीका अवसर सृजना गर्दा विपद् व्यवस्थापनको दिर्घकालीन योजना सहित गर्न सकियो भने यसले दिगो व्यवस्थापनमा सहयोग पुऱ्याउछ ।

## खण्ड-५ दुरदृष्टि, ध्येय र उद्धेश्य (long-term Vision, Mission and Objectives)

### ५.१ दूरदृष्टि

“मर्यादित, सुरक्षित र दिगो रोजगारीको सुनिश्चितता, समृद्ध गौमुल निर्माणमा समुदायको अर्थपूर्ण सहभागिता”

### ५.२ ध्येय

"स्थानीय स्रोत, सीप र सम्भावनाको अधिकतम उपयोग गर्दै मर्यादित, सुरक्षित र दिगो रोजगारी सृजना गर्ने, समुदायलाई सशक्त बनाउने र सहभागितामूलक विकास मार्फत समृद्ध गौमुल निर्माणमा योगदान पुर्‍याउने।"

### ५.३ उद्देश्यहरु

(क) स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित दिगो तथा मर्यादित रोजगारी सिर्जना गर्नु,
(ख) समुदायमा रोजगारमूलक सीप र दक्षता विकासका लागि प्रभावकारी तालिम तथा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्नु,
(ग) स्वरोजगार र लघु उद्यमशीलता प्रवर्द्धन गर्दै आर्थिक आत्मनिर्भरताको आधार तयार गर्नु,
(घ) वैदेशिक रोजगार व्यवस्थापन सुरक्षित, व्यवस्थित र उत्तरदायी बनाउनु,
(ङ) रोजगार सम्बन्धी सेवा प्रवाह, नीति कार्यान्वयन र अन्तरसंस्थागत समन्वय सुदृढ गर्दै संस्थागत संरचना सबल बनाउनु।

यी उद्देश्यहरु प्राप्तिका लागि गाउँपालिकाका प्राथमिकताहरु यस प्रकार हुनेछन् :

१. **स्थानीय स्रोत, सीप र सम्भावनाको पहिचान तथा उपयोग**: गाउँपालिकामा उपलब्ध प्राकृतिक स्रोतहरू (जस्तै: जडीबुटी, कृषि, पशुपालन, वन पैदावार आदि), मानव संसाधन र मौलिक सीपहरूको पहिचान गरी तिनीहरूलाई उपयोग गर्ने योजनाबद्ध कार्यक्रम सञ्चालन गर्ने, यसका लागि स्रोतको अभिलेखीकरण, सम्भाव्यता अध्ययन तथा उपयुक्त पूर्वाधार विकास प्राथमिक हुनुपर्छ।

२. **सीपमूलक तालिम तथा प्राविधिक शिक्षाको पहुँच विस्तार**: बेरोजगार युवाहरू, महिला, दलित र विपन्न समुदायका सदस्यहरूलाई लक्षित गरी कृषि, पशुपालन, भौतिक निर्माण, हातेउद्योग, गाडी मर्मत, पर्यटन, सूचना प्रविधि लगायतका क्षेत्रमा व्यवसायिक तालिम कार्यक्रम विकास र सञ्चालन गर्न प्राथमिकता दिनु आवश्यक छ।

३. **स्वरोजगार प्रवर्द्धन तथा लघु उद्यमहरूलाई सहजीकरण**: स्थानीय स्तरमा व्यवसाय दर्ता प्रक्रिया सरल बनाउने, सीप प्राप्त युवालाई उपकरण सहयोग तथा अनुदानको व्यवस्था गर्ने, उद्यम सुरु गर्नेहरूको लागि सल्लाह तथा परामर्श सेवा उपलब्ध गराउनेजस्ता उपायहरूमा प्राथमिकता दिनुपर्ने हुन्छ।

४. **वैदेशिक रोजगार सुरक्षित र व्यवस्थित बनाउने व्यवस्था**: वैदेशिक रोजगारमा जाने व्यक्तिहरूलाई पूर्व तयारी तालिम, श्रम सम्झौताका जानकारी, कानुनी सहयोग र पुनःएकीकरण कार्यक्रमको व्यवस्था गरेर सुरक्षित र मर्यादित वैदेशिक रोजगारीलाई प्रोत्साहन गर्नुपर्छ।

५. **रोजगार सेवा केन्द्रको स्थापना र संस्थागत समन्वय सुदृढीकरण**: गाउँपालिकास्तरमै रोजगार सूचना केन्द्र स्थापना गरी रोजगारी सम्बन्धी जानकारी, तालिमको समन्वय, उद्यमशीलताको प्रवर्द्धन, तथा स्थानीय, प्रदेश र संघीय तहका नीतिहरू कार्यान्वयन गर्न सक्ने संरचना तथा जनशक्ति विकास गर्नु प्रमुख प्राथमिकता हुनुपर्छ।

## खण्ड-६ रणनैतिक लक्ष्यहरू (Strategies goals)

### ६.१ स्थानीय स्रोतमा आधारित रोजगारी सिर्जना

**विशेष:** कृषि, जडीबुटी, पशुपालन र पर्यटनमा आधारित रोजगारी प्रवर्द्धन गर्ने
**मापनयोग्य:** ५ वर्षभित्र कम्तीमा ५०० जना नयाँ स्वरोजगार सिर्जना (प्रत्येक वर्ष १०० जनाको दरले)
**प्राप्तयोग्य:** स्थानीय स्रोतहरूको अध्ययन, उत्पादन विस्तार तालिम र सहकारी प्रवर्द्धनमार्फत
**सान्दर्भिक:** गाउँपालिकाको प्राकृतिक स्रोत र मानव संसाधन उपयोग गर्न
**समयसीमा:** २०८७ साल भित्र

### २. श्रम बजारको माग अनुकूल सीप विकास

**विशेष:** श्रम बजार अनुकूल व्यवहारोपयोगी सीपमूलक तालिम सञ्चालन गर्ने
**मापनयोग्य:** प्रत्येक वर्ष कम्तीमा ३०० युवा, महिला, कृषकहरुलाई सीप तालिम प्रदान
**प्राप्तयोग्य:** मागको अध्ययन, तालिम संस्था सहकार्य र तालिमपश्चात रोजगार संयोजनद्वारा
**सान्दर्भिक:** वैदेशिक तथा आन्तरिक श्रम बजारमा प्रतिस्पर्धी जनशक्ति विकासका लागि
**समयसीमा:** प्रत्येक आर्थिक वर्षभित्र वार्षिक लक्ष्य अनुसार

### ३. उद्यमशीलता र लघु उद्यम प्रवर्द्धन

**विशेष:** उद्यमशीलता र स्वरोजगारमा युवाको संलग्नता बढाउने
**मापनयोग्य:** ५ वर्षभित्र कम्तीमा १५० लघु उद्यम स्थापना गरि सञ्चालनमा ल्याइने
**प्राप्तयोग्य:** उद्यमशीलता तालिम, व्यवसाय योजना विकास र अनुदान/ऋण सहयोग उपलब्ध
**सान्दर्भिक:** गाउँमा आर्थिक क्रियाकलाप वृद्धि गर्न
**समयसीमा:** २०८६/०८७ सम्म

### ४. सुरक्षित वैदेशिक रोजगार प्रणाली सुनिश्चित

**विशेष:** वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सुरक्षित, व्यवस्थित र जानकारीयुक्त बनाउने
**मापनयोग्य:** प्रत्येक वर्ष १०० जनालाई पूर्वप्रशिक्षण, बीमा र परामर्श सेवा प्रदान
**प्राप्तयोग्य:** तालिम, सूचना केन्द्र र लाइसेन्स प्राप्त एजेन्सीसँग सहकार्य
**सान्दर्भिक:** जोखिमयुक्त अप्रशिक्षित आप्रवासन घटाउन
**समयसीमा:** हरेक आर्थिक वर्षमा नियमित

### ५. रोजगार सेवा केन्द्र तथा नीति कार्यान्वयन सुदृढीकरण

**विशेष:** रोजगारीसम्बन्धी सेवा केन्द्र तथा नीति कार्यान्वयन प्रणाली सुदृढ गर्ने
**मापनयोग्य:** १ वर्षभित्र रोजगार सूचना केन्द्र स्थापना र १ समिति गठन
**प्राप्तयोग्य:** स्थानीय तहको स्रोत, समन्वय र प्रविधिमार्फत
**सान्दर्भिक:** रणनीतिक योजनाको दीर्घकालीन कार्यान्वयन सुनिश्चित गर्न
**समयसीमा:** २०८२/८३ भित्र

## खण्ड-७ रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरु (Major Strategies)

### ७.१ रणनीतिक स्तम्भ १: स्रोत र सम्भावनामा आधारित रोजगारी प्रवर्द्धन

| रणनीति कोड | सहायक रणनीतिहरू | कार्यनीति कोड | कार्यनीतिहरु |
|---|---|---|---|
| १.१ | कृषि, पशुपालन, जडीबुटी र पर्यटनमा आधारित रोजगारी सम्भावना विस्तार गर्ने | १.१.१ | प्राङ्गारिक खेती र सहकारी स्थापना प्रवर्द्धन गरिनेछ। |
| | | १.१.२ | सम्भावित क्षेत्रमा उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। |
| १.२ | स्थानीय निर्माण कार्य र पूर्वाधार विकासमा श्रमिक परिचालन गर्ने | १.२.१ | सीपयुक्त श्रमिक अभिलेख र अनुदान कार्यक्रम गरिनेछ। |
| | | १.२.२ | स्थानीय श्रमिक सहभागिता अनिवार्य नीति तयार गरि कार्यान्वयन गरिनेछ। |

### ७.२ रणनीतिक स्तम्भ २: श्रम बजार अनुकूल सीप विकास र प्राविधिक शिक्षा विस्तार

| रणनीति कोड | सहायक रणनीतिहरू | कार्यनीति कोड | कार्यनीतिहरु |
|---|---|---|---|
| २.१ | तालिम पूर्व तयारी र आधारभूत सीप सुदृढीकरण गर्ने | २.१.१ | पछाडि परेका समुदायको तालिम पहुँच सुनिश्चित गरिनेछ। |
| | | २.१.२ | साक्षरता, डिजिटल तथा व्यवहारिक सीप तालिम सञ्चालन गरिनेछ। |
| २.२ | श्रम बजारको माग अनुसार व्यवसायिक शिक्षा र सीपमूलक तालिम सञ्चालन गर्ने | २.२.१ | औपचारिक/अनौपचारिक क्षेत्रमा व्यवसायिक शिक्षा तथा सीपमुलक तालिम सञ्चालन गरिनेछ। |
| | | २.२.२ | तालिमपछि रोजगारीमा आबद्ध गराउने प्रणालीको विकास गरिनेछ। |

### ७.३ रणनीतिक स्तम्भ ३: स्वरोजगार, लघु उद्यम र सहकारीमा आधारित आर्थिक सशक्तीकरण

| रणनीति कोड | सहायक रणनीतिहरू | कार्यनीति कोड | कार्यनीतिहरु |
|---|---|---|---|
| ३.१ | युवामा उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन गर्ने | ३.१.१ | उद्यमशीलता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ३.१.२ | स्वरोजगार अनुदान तथा ऋण सुविधा उपलब्ध गराइनेछ। |
| ३.२ | लघु उद्योग, सहकारी र समूहमा आधारित रोजगारी वृद्धि गर्ने | ३.२.१ | महिला/अपाङ्गतामैत्री उद्यममा प्राथमिकता दिइनेछ। |
| | | ३.२.२ | सहकारी तथा समूह सशक्तीकरण र बजारीकरण सहयोग गरिनेछ। |

### ७.४ रणनीतिक स्तम्भ ४: सुरक्षित र उत्तरदायी वैदेशिक रोजगार प्रणाली

| रणनीति कोड | सहायक रणनीतिहरू | कार्यनीति कोड | कार्यनीतिहरु |
|---|---|---|---|
| ४.१ | फर्किएका श्रमिकहरूको पुनः एकीकरण र सीप उपयोग गर्ने | ४.१.१ | फर्किएका श्रमिकहरूको सीप अभिलेख दर्ता गरिनेछ। |
| | | ४.१.२ | सीप अनुसार पुनः रोजगारी र स्वरोजगार अनुदान उपलब्ध गराइनेछ। |


| | | | |
|---|---|---|---|
| ४.२ | वैदेशिक रोजगारमा जाने श्रमिकको सुरक्षा प्रवर्द्धन गर्ने | ४.२.१ | पूर्व-प्रशिक्षण, कानुनी र भाषा तालिम गरिनेछ। |
| | | ४.२.२ | लाइसेन्स प्राप्त संस्था मार्फत मात्र सहकार्य गर्न युवालाई सचेत गराइनेछ |

## ७.५ रणनीतिक स्तम्भ ५: संस्थागत क्षमता, समन्वय र नीति कार्यान्वयन सुदृढीकरण

| **रणनीति कोड** | **सहायक रणनीतिहरू** | **कार्यनीति कोड** | **कार्यनीतिहरु** |
|---|---|---|---|
| ५.१ | नीति, योजना तथा बजेट समन्वय र सहकार्य प्रवर्द्धन गर्ने | ५.१.१ | वार्षिक रोजगार समन्वय बैठक आयोजना गरिनेछ |
| | | ५.१.२ | समुदाय सहभागिता र बजेट साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ। |
| ५.२ | रोजगार सेवा केन्द्र तथा अनुगमन संयन्त्र सुदृढीकरण गर्ने | ५.२.१ | रणनीति कार्यान्वयन निर्देशक समिति सञ्चालन गरिनेछ । |
| | | ५.२.२ | रोजगार सूचना केन्द्र स्थापना र अद्यावधिक गरिनेछ। |

## खण्ड-८ पाँच वर्षको रणनैतिक कार्ययोजना (Strategic Action Plan )

रोजगार रणनीतिक योजना तयारीका क्रममा सर्वप्रथम गाउँपालिकाको प्रारम्भिक अन्तरक्रियात्मक छलफल मार्फत गौमुल गाउँपालिकाको आवधिक योजनाले तय गरेको दीर्घकालीन सोचमा केन्द्रित भई यस रोजगार रणनीतिक योजनाको दूरदृष्टि तयार गरिएको थियो । सो दूरदृष्टि प्राप्तका लागि कुन मार्गलाई पछ्याउने भन्ने कुराको यकिन गर्नका लागि सोही अनुसारको ध्येय तय गरिएको थियो भने उक्त ध्येयलाई हुबहु पालन गर्नका लागि रणनीतिक योजनाका उद्देश्यहरू तय गरिएका थिए । हालको वर्तमान परिवेश र सो परिवेशमा गौमुलबासीहरुका लागि दिगो रोजगारीका अवसरहरूको सुनिश्चितताका लागि जति वटा उद्देश्यहरू राखिएको थियो सोही आधारमा प्रमुख रणनीति अर्थात् रणनीतिक स्तम्भहरू राखिएका थिए । हरेक रणनीतिक स्तम्भहरूका सहायक रणनीतिहरु तथा प्रत्येक रणनीतिका कार्यनीतिहरु तयार गर्दै ती कार्यनीतिहरुका क्रियाकलापहरू समेत निर्क्योल गरिएको हुँदा यो रोजगार रणनीतिक योजनाले तलको ढाँचालाई अनुसरण गरेको छ :



## ८.१ गौमुल गाउँपालिकाको रोजगारी रणनीति कार्यान्वयन कार्ययोजना

यहाँ आर्थिक वर्ष २०८२/०८३ देखि २०८६/०८७ सम्मका लागि कार्यक्रम कार्यान्वयन योजना तयार गरिएको छ।

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/ शाखा | सहयोगी निकाय / शाखा | समयावधि | कार्य सम्पादन सूचक | बजेट (रु. लाखमा) | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|
| **रणनीतिक स्तम्भ १: स्रोत र सम्भावनामा आधारित रोजगारी प्रवर्द्धन** | | | | | | ६० | |
| **रणनीतिक १.१:कृषि, पशुपालन, जडीबुटी र पर्यटनमा आधारित रोजगारी सम्भावना विस्तार गर्ने** | | | | | | **३६** | |
| **कार्यनीति १.१.१:प्राङ्गारिक खेती र सहकारी स्थापना प्रवर्द्धन गरिनेछ।** | | | | | | **२०** | |
| १.१.१.१ | प्राङ्गारिक मल तथा बीउ/प्रविधि अनुदान वितरण | कृषि शाखा | गाउँपालिका | नियमित | अनुदान संख्या | १० | न्यूनस्तरको जोखिम |
| १.१.१.२ | प्राङ्गारिक खेतीमा संलग्न कृषक समूह गठन तथा क्षमता अभिवृद्धि | कृषि शाखा | गाउँपालिका | नियमित | समूह संख्या | ५ | न्यूनस्तरको जोखिम |
| १.१.१.३ | स्थानीय टोल सुधार समिति दर्ता तथा वैधानिकता प्रक्रियामा सहयोग | कृषि शाखा | गाउँपालिका | नियमित | समूह संख्या | ५ | न्यूनस्तरको जोखिम |
| **कार्यनीति १.१.२: सम्भावित क्षेत्रमा उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।** | | | | | | **१६** | |
| १.१.२.१ | कृषि, पशुपालन, जडीबुटी क्षेत्रको सम्भाव्यता अध्ययन | कृषि शाखा | गाउँपालिका | २०८२ | प्रतिवेदन | १ | न्यूनस्तरको जोखिम |
| १.१.२.२ | उत्पादन वृद्धि प्रविधिमा कृषक तालिम सञ्चालन | कृषि शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | ५ | न्यूनस्तरको जोखिम |
| १.१.२.३ | थोक उत्पादन क्षेत्रको पूर्वाधार विकास | कृषि शाखा | गाउँपालिका | नियमित | बजार संख्या | १० | मध्यमस्तरको जोखिम |
| **रणनीतिक १.२: स्थानीय निर्माण कार्य र पूर्वाधार विकासमा श्रमिक परिचालन गर्ने** | | | | | | **२४** | |
| **कार्यनीति १.२.१: सीपयुक्त श्रमिक अभिलेख र अनुदान कार्यक्रम गरिनेछ।** | | | | | | **२१** | |
| १.२.१.१ | सीपयुक्त श्रमिकको अभिलेख तयार | रोजगार शाखा | गाउँपालिका | २०८२ | तथ्याङ्क | १ | न्यूनस्तरको जोखिम |
| १.२.१.२ | सम्बन्धित श्रमिकलाई अनुदान/उद्यम प्रवर्द्धन तालिम | उद्योग शाखा | तीनै तहका सरकार | नियमित | तालिम संख्या | ५ | न्यूनस्तरको जोखिम |
| १.२.१.३ | उत्पादन र बजारीकरणका लागि सहुलियत ऋणको व्यवस्था | उद्योग शाखा | तीनै तहका सरकार | नियमित | ऋणी संख्या | १५ | उच्चस्तरको जोखिम |

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/ शाखा | सहयोगी निकाय / शाखा | समयावधि | कार्य सम्पादन सूचक | बजेट (रु. लाखमा) | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|
| **कार्यनीति १.२.२: स्थानीय श्रमिक सहभागिता अनिवार्य नीति तयार गरि कार्यान्वयन गरिनेछ।** | | | | | | **३** | |
| १.२.२.१ | गाउँपालिकाको योजनामा स्थानीय श्रमिक प्रयोग सम्बन्धी निर्देशिका तयार | योजना शाखा | तीनै तहका सरकार | २०८२ | निर्देशिका | १ | न्यूनस्तरको जोखिम |
| १.२.२.२ | स्थानीय श्रमिक दर्ता प्रणाली निर्माण | जिन्सी शाखा | गाउँपालिका | नियमित | तथ्याङ्क | १ | न्यूनस्तरको जोखिम |
| १.२.२.३ | निर्देशिका कार्यान्वयनको अनुगमन संयन्त्र विकास | योजना शाखा | गाउँपालिका | नियमित | अनुगमन | १ | न्यूनस्तरको जोखिम |
| **रणनीतिक स्तम्भ २: श्रम बजार अनुकूल सीप विकास र प्राविधिक शिक्षा विस्तार** | | | | | | **१२७** | |
| **रणनीतिक २.१: तालिम पूर्व तयारी र आधारभूत सीप सुदृढीकरण गर्ने** | | | | | | **१७** | |
| **कार्यनीति २.१.१: पछाडि परेका समुदायको तालिम पहुँच सुनिश्चित गरिनेछ।** | | | | | | **१०** | |
| २.१.१.१ | पछाडि परेका समुदायको तालिममा लक्षित कोटा निर्धारण तथा वितरण | सामाजिक विकास | तीनै तहका सरकार | नियमित | लक्षित वर्ग | ० | मध्यमस्तरको जोखिम |
| २.१.१.२ | गाउँमै तालिम केन्द्र सञ्चालन | रोजगार शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | ५ | उच्चस्तरको जोखिम |
| २.१.१.३ | समुदायका अगुवा कृषक वा उद्यमीलाई प्रशिक्षकको रूपमा विकास | कृषि शाखा | गाउँपालिका | नियमित | प्रशिक्षक संख्या | ५ | मध्यमस्तरको जोखिम |
| **कार्यनीति २.१.२:साक्षरता, डिजिटल तथा व्यवहारिक सीप तालिम सञ्चालन गरिनेछ।** | | | | | | **७** | |
| २.१.२.१ | वित्तिय साक्षरता, डिजिटल सीप, व्यवहारिक तालिम सञ्चालन | सामाजिक विकास | तीनै तहका सरकार | नियमित | तालिम संख्या | ५ | न्यूनस्तरको जोखिम |
| २.१.२.२ | प्राविधिक तालिममा आधारभूत दक्षताको पूर्व परीक्षण | रोजगार शाखा | गाउँपालिका | नियमित | प्रतिवेदन | १ | मध्यमस्तरको जोखिम |
| २.१.२.३ | तालिममा सीपस्तर अनुसार स्तर विभाजन | रोजगार शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | १ | मध्यमस्तरको जोखिम |
| **रणनीतिक २.२: श्रम बजारको माग अनुसार व्यवसायिक शिक्षा र सीपमूलक तालिम सञ्चालन गर्ने** | | | | | | **११०** | |
| **कार्यनीति २.२.१: औपचारिक/अनौपचारिक क्षेत्रमा व्यवसायिक शिक्षा तथा सीपमुलक तालिम सञ्चालन गरिनेछ।** | | | | | | **९५** | |

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/ शाखा | सहयोगी निकाय / शाखा | समयावधि | कार्य सम्पादन सूचक | बजेट (रु. लाखमा) | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|
| २.२.१.१ | माध्यामिक तह९-१२ मा प्राविधिक धारको अध्ययन गराउने शैक्षिक संस्था वृद्धि | शिक्षा शाखा | तीनै तहका सरकार | नियमित | संस्था | ५० | उच्चस्तरको जोखिम |
| २.२.१.२ | स्थानीय तालिम प्रदायक संस्थाहरुमा सिटिइभिटीबाट सम्बन्धन | शिक्षा शाखा | तीनै तहका सरकार | नियमित | संस्था | ३० | उच्चस्तरको जोखिम |
| २.२.१.३ | उद्यम विकासका लागि व्यवसायिक योजना तयारी तालिम सञ्चालन | शिक्षा शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | १५ | मध्यमस्तरको जोखिम |
| **कार्यनीति २.२.२: तालिमपछि रोजगारीमा आबद्ध गराउने प्रणालीको विकास गरिनेछ।** | | | | | | **१५** | |
| २.२.२.१ | रोजगारदाता र सीपुयक्त श्रमिकका बिचमा समन्वय गराउने | रोजगार शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | न्यूनस्तरको जोखिम |
| २.२.२.२ | सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरि रोजगारीको अवसर सृजना गर्ने | उद्योग शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |
| २.२.२.३ | रोजगारदाताहरुलाई श्रमिकको बीमा गर्ने कार्यमा सहयोग गर्ने | सामाजिक विकास | तीनै तहका सरकार | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |
| **रणनीतिक स्तम्भ ३: स्वरोजगार, लघु उद्यम र सहकारीमा आधारित आर्थिक सशक्तीकरण** | | | | | | **१९५** | |
| **रणनीतिक ३.१: युवामा उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन गर्ने** | | | | | | **९५** | |
| **कार्यनीति ३.१.१: उद्यमशीलता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।** | | | | | | **३०** | |
| ३.१.१.१ | युवाहरुलाई उद्यमशिलता अभिमुखीकरण कार्यक्रम सञ्चालन | रोजगार शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | १५ | न्यूनस्तरको जोखिम |
| ३.१.१.२ | सफल उद्यमीहरु र नवउद्यमीहरु बीच अन्तरक्रिया कार्यक्रम | उद्योग शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | ५ | मध्यमस्तरको जोखिम |
| ३.१.१.३ | उद्यमीहरुका लागि वित्तिय व्यवस्थापन तालिम सञ्चालन | उद्योग शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | १० | मध्यमस्तरको जोखिम |
| **कार्यनीति ३.१.२: स्वरोजगार अनुदान तथा ऋण सुविधा उपलब्ध गराइनेछ।** | | | | | | **६५** | |
| ३.१.२.१ | साना तथा मझौला उद्योगहरुमा प्रविधि व्यवस्थापनमा सहयोग | उद्योग शाखा | तीनै तहका सरकार | नियमित | उद्यमी संख्या | ३० | उच्चस्तरको जोखिम |
| ३.१.२.२ | सीपयुक्त युवाहरुलाई उद्योग स्थापनका लागि बीउँपूजी सहयोग | उद्योग शाखा | तीनै तहका सरकार | नियमित | उद्यमी संख्या | ३० | उच्चस्तरको जोखिम |
| ३.१.२.३ | वित्तिय संघसंस्थाहरु र युवा उद्यमीहरु बीच अन्तरक्रिया कार्यक्रम | उद्योग शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/ शाखा | सहयोगी निकाय / शाखा | समयावधि | कार्य सम्पादन सूचक | बजेट (रु. लाखमा) | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|
| **रणनीतिक ३.२: लघु उद्योग, सहकारी र समूहमा आधारित रोजगारी वृद्धि गर्ने** | | | | | | **१००** | |
| **कार्यनीति ३.२.१: महिला/अपाङ्गतामैत्री उद्यममा प्राथमिकता दिइनेछ।** | | | | | | **७०** | |
| ४.२.१.१ | महिला तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि उद्यमशिलताको पहिचान | सामाजिक विकास | गाउँपालिका | नियमित | उद्यमी संख्या | ५ | मध्यमस्तरको जोखिम |
| ३.२.१.२ | महिला तथा अपाङ्गता भएका व्यक्तिहरुलाई बीउँपूजी हस्तान्तरण | सामाजिक विकास | तीनै तहका सरकार | नियमित | उद्यमी संख्या | ५० | उच्चस्तरको जोखिम |
| ३.२.१.३ | सुरक्षित कार्यस्थलको सुनिश्चितताका लागि तालिम सञ्चालन | सामाजिक विकास | गाउँपालिका | नियमित | तालिम संख्या | १५ | मध्यमस्तरको जोखिम |
| **कार्यनीति ३.२.२: सहकारी तथा समूह सशक्तीकरण र बजारीकरण सहयोग गरिनेछ।** | | | | | | **३०** | |
| ३.२.२.१ | उत्पादित वस्तुको बजारीकरणका लागि क्षमता अभिवृद्धि तालिम | उद्योग शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | १० | मध्यमस्तरको जोखिम |
| ३.२.२.२ | सहकारी तथा समूहहरुका लागि वित्तिय साक्षरता तालिम सञ्चालन | उद्योग शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | १० | मध्यमस्तरको जोखिम |
| ३.२.२.३ | सहकारी तथा समूहहरुका लागि नेतृत्व विकास तालिम सञ्चालन | उद्योग शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | १० | मध्यमस्तरको जोखिम |
| **रणनीतिक स्तम्भ ४: सुरक्षित र उत्तरदायी वैदेशिक रोजगार प्रणाली** | | | | | | **१४५** | |
| **रणनीतिक ४.१: फर्किएका श्रमिकहरूको पुनः एकीकरण र सीप उपयोग गर्ने** | | | | | | **१०५** | |
| **कार्यनीति ४.१.१: फर्किएका श्रमिकहरूको सीप अभिलेख दर्ता गरिनेछ।** | | | | | | **७०** | |
| ४.१.१.१ | वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको अभिलेखीकरण | रोजगार शाखा | गाउँपालिका | नियमित | तथ्याङ्क | ५ | न्यूनस्तरको जोखिम |
| ४.१.१.२ | वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई व्यवसायिक योजना तयारमा सघाउ | रोजगार शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | १५ | मध्यमस्तरको जोखिम |
| ४.१.१.३ | वैदेशिक रोजगारीबाट फर्किएका युवा उद्यमीहरु मार्फत साना उद्योग सञ्चालन | रोजगार शाखा | तीनै तहका सरकार | नियमित | उद्यमी संख्या | ५० | मध्यमस्तरको जोखिम |
| **कार्यनीति ४.१.२: सीप अनुसार पुनः रोजगारी र स्वरोजगार अनुदान उपलब्ध गराइनेछ।** | | | | | | **३५** | |

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/ शाखा | सहयोगी निकाय / शाखा | समयावधि | कार्य सम्पादन सूचक | बजेट (रु. लाखमा) | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|
| ४.१.२.१ | वैदेशिक रोजगारीबाट फर्किएका युवालाई प्रशिक्षकका रुपमा विकास | रोजगार शाखा | गाउँपालिका | नियमित | प्रशिक्षक संख्या | १० | मध्यमस्तरको जोखिम |
| ४.१.२.२ | स्थानीय सहकारी तथा समूहहरुको उत्पादनको ब्राण्डिङ्गमा युवा परिचालन | रोजगार शाखा | तीनै तहका सरकार | नियमित | उद्यमी संख्या | १० | मध्यमस्तरको जोखिम |
| ४.१.२.३ | वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमशिलता व्यवस्थापन तालिम | रोजगार शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | १५ | मध्यमस्तरको जोखिम |
| **रणनीतिक ४.२: वैदेशिक रोजगारमा जाने श्रमिकको सुरक्षा प्रवर्द्धन गर्ने** | | | | | | **४०** | |
| **कार्यनीति ४.२.१: पूर्व-प्रशिक्षण, कानुनी र भाषा तालिम गरिनेछ ।** | | | | | | **२५** | |
| ४.२.१.१ | वैदेशिक रोजगारीमा जान चाहने युवालाई सुरक्षित आप्रवासनमा तालिम | रोजगार शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | १५ | मध्यमस्तरको जोखिम |
| ४.२.१.२ | वैदेशिक रोजगारीबाट फर्किएका युवा र अन्य युवा बिच अन्तरक्रिया कार्यक्रम | रोजगार शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | ५ | मध्यमस्तरको जोखिम |
| ४.२.१.३ | अनिवार्य बीमा र बैंक खाता खोल्न परामर्श सेवा | सामाजिक विकास | गाउँपालिका | नियमित | उद्यमी संख्या | ५ | उच्चस्तरको जोखिम |
| **कार्यनीति ४.२.२: लाइसेन्स प्राप्त संस्था मार्फत मात्र सहकार्य गर्न युवालाई सचेत गराइनेछ** | | | | | | **१५** | |
| ४.२.२.१ | वैदेशिक रोजगारीमा हुने गरेका ठगी तथा विकृतिहरुका विषयमा अभिमुखीकरण | रोजगार शाखा | गाउँपालिका | नियमित | तालिम संख्या | ५ | मध्यमस्तरको जोखिम |
| ४.२.२.२ | वैदेशिक रोजगारीमा जाने युवाहरुको गुनासो सुनुवाइ कार्यक्रम सञ्चालन | रोजगार शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |
| ४.२.२.३ | मध्यस्थ संस्थाको निगरानी तथा मूल्यांकन संयन्त्र विकास | रोजगार शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |
| **रणनीतिक स्तम्भ ५: संस्थागत क्षमता, समन्वय र नीति कार्यान्वयन सुदृढीकरण** | | | | | | **६०** | |
| **रणनीतिक ५.१: नीति, योजना तथा बजेट समन्वय र सहकार्य प्रवर्द्धन गर्ने** | | | | | | **३०** | |
| **कार्यनीति ५.१.१: वार्षिक रोजगार समन्वय बैठक आयोजना गरिनेछ** | | | | | | **१५** | |

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/ शाखा | सहयोगी निकाय / शाखा | समयावधि | कार्य सम्पादन सूचक | बजेट (रु. लाखमा) | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|
| ५.१.१.१ | वार्षिक रोजगार समन्वय बैठक आयोजना | सामाजिक विकास | गाउँपालिका | नियमित | इभेन्ट | ५ | न्यूनस्तरको जोखिम |
| ५.१.१.२ | संघ/प्रदेश निकायसँग संयुक्त योजना विकास | सामाजिक विकास | तीनै तहका सरकार | नियमित | इभेन्ट | ५ | न्यूनस्तरको जोखिम |
| ५.१.१.३ | निजी क्षेत्रको सहभागितामा नीति संवाद सञ्चालन | सामाजिक विकास | गाउँपालिका | नियमित | इभेन्ट | ५ | न्यूनस्तरको जोखिम |
| **कार्यनीति ५.१.२: समुदाय सहभागिता र बजेट साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।** | | | | | | **१५** | |
| ५.१.२.१ | बजेट साझेदारी कार्यक्रम सञ्चालन र अनुगमन | लेखा शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |
| ५.१.२.२ | समुदाय सहभागिता सुनिश्चित गर्ने कार्यशाला | लेखा शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |
| ५.१.२.३ | स्थानीय तह र नागरिक समाज समन्वय समिति गठन | लेखा शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |
| **रणनीतिक ५.२: रोजगार सेवा केन्द्र तथा अनुगमन संयन्त्र सुदृढीकरण गर्ने** | | | | | | **३०** | |
| **कार्यनीति ५.२.१: रणनीति कार्यान्वयन निर्देशक समिति सञ्चालन गरिनेछ।** | | | | | | **१५** | |
| ५.२.१.१ | रणनीति कार्यान्वयन निर्देशक समिति गठन | योजना शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |
| ५.२.१.२ | समितिको नियमित बैठक र अनुगमन प्रणाली विकास | योजना शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |
| ५.२.१.३ | सम्बन्धित शाखाहरूबीच समन्वय बैठक सञ्चालन | उद्योग शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |
| **कार्यनीति ५.२.२: रोजगार सूचना केन्द्र स्थापना र अद्यावधिक गरिनेछ।** | | | | | | **१५** | |
| ५.२.२.१ | रोजगार सूचना केन्द्रको स्थापना र डिजिटल प्रणाली विकास | रोजगार शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |
| ५.२.२.२ | उपलब्ध अवसर तथा कार्यक्रम अद्यावधिक गर्ने संयन्त्र | रोजगार शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |
| ५.२.२.३ | सार्वजनिक सूचना प्रवाह प्रणाली सञ्चालन | रोजगार शाखा | गाउँपालिका | नियमित | इभेन्ट | ५ | मध्यमस्तरको जोखिम |

## ८.२ गाउँपालिकाको रोजगार रणनीतिक नतिजा खाका

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार अङ्क | लक्ष्य (आ.व. अनुसार) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
| १ | प्राङ्गारिक खेतीमा संलग्न कृषक समूह संख्या | संख्या | | ५ | १० | १५ | २० | २५ |
| २ | स्थानीय निर्माण कार्यमा प्रयोग हुने श्रमिक संख्या | संख्या | | १०० | १५० | २०० | २५० | ३०० |
| ३ | सीपमूलक तालिम प्राप्त लाभग्राही संख्या | संख्या | | २०० | २५० | ३०० | ३५० | ४०० |
| ४ | स्थापित लघु उद्यम संख्या | संख्या | | २० | ३० | ४० | ५० | ६० |
| ५ | फर्किएका श्रमिकको पुनः रोजगारीमा सहभागिता | संख्या | | ३० | ४० | ५० | ६० | ७० |
| ६ | सुरक्षित वैदेशिक रोजगार तालिम प्राप्त युवा संख्या | संख्या | | ५० | ७० | ९० | ११० | १३० |
| ७ | स्थानीय तालिम प्रदायक संस्था संख्या | संख्या | | २ | ३ | ४ | ५ | ६ |
| ८ | सहभागितामूलक रोजगार संवाद कार्यक्रम संख्या | संख्या | | ३ | ४ | ५ | ६ | ७ |
| ९ | रोजगारी सूचना केन्द्र स्थापना संख्या | संख्या | | १ | १ | १ | १ | १ |
| १० | स्थानीय श्रमिक दर्ता तथ्याङ्क संख्या | संख्या | | १०० | १५० | २०० | २५० | ३०० |
| ११ | महिला/अपाङ्ग उद्यममा संलग्नता संख्या | संख्या | | १० | २० | ३० | ४० | ५० |
| १२ | उद्यम व्यवसाय योजनामा सहभागी युवा संख्या | संख्या | | ५० | ६० | ७० | ८० | ९० |
| १३ | तालिमपश्चात रोजगारी प्राप्त संख्या | संख्या | | ६० | ७० | ८० | ९० | १०० |
| १४ | रोजगारदातासँग श्रमिक मिलाउने इभेन्ट संख्या | संख्या | | ५ | ६ | ७ | ८ | ९ |
| १५ | वार्षिक रोजगार समन्वय बैठक संख्या | संख्या | | १ | १ | १ | १ | १ |
| १६ | प्राङ्गारिक खेतीमा संलग्न कृषक समूह संख्या (विस्तारित) | संख्या | | ७ | १२ | १७ | २२ | २७ |
| १७ | स्थानीय निर्माण कार्यमा प्रयोग हुने श्रमिक संख्या (विस्तारित) | संख्या | | १०२ | १५२ | २०२ | २५२ | ३०२ |

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार अङ्क | लक्ष्य (आ.व. अनुसार) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
| १८ | सीपमूलक तालिम प्राप्त लाभग्राही संख्या (विस्तारित) | संख्या | | २०२ | २५२ | ३०२ | ३५२ | ४०२ |
| १९ | स्थापित लघु उद्यम संख्या (विस्तारित) | संख्या | | २२ | ३२ | ४२ | ५२ | ६२ |
| २० | फर्किएका श्रमिकको पुनः रोजगारीमा सहभागिता (विस्तारित) | संख्या | | ३२ | ४२ | ५२ | ६२ | ७२ |
| २१ | सुरक्षित वैदेशिक रोजगार तालिम प्राप्त युवा संख्या (विस्तारित) | संख्या | | ५२ | ७२ | ९२ | ११२ | १३२ |
| २२ | स्थानीय तालिम प्रदायक संस्था संख्या (विस्तारित) | संख्या | | ४ | ५ | ६ | ७ | ८ |
| २३ | सहभागितामूलक रोजगार संवाद कार्यक्रम संख्या (विस्तारित) | संख्या | | ५ | ६ | ७ | ८ | ९ |
| २४ | रोजगारी सूचना केन्द्र स्थापना संख्या (विस्तारित) | संख्या | | ३ | ३ | ३ | ३ | ३ |
| २५ | स्थानीय श्रमिक दर्ता तथ्याङ्क संख्या (विस्तारित) | संख्या | | १०२ | १५२ | २०२ | २५२ | ३०२ |
| २६ | महिला/अपाङ्ग उद्यममा संलग्नता संख्या (विस्तारित) | संख्या | | १२ | २२ | ३२ | ४२ | ५२ |
| २७ | उद्यम व्यवसाय योजनामा सहभागी युवा संख्या (विस्तारित) | संख्या | | ५२ | ६२ | ७२ | ८२ | ९२ |
| २८ | तालिमपश्चात रोजगारी प्राप्त संख्या (विस्तारित) | संख्या | | ६२ | ७२ | ८२ | ९२ | १०२ |
| २९ | रोजगारदातासँग श्रमिक मिलाउने इभेन्ट संख्या (विस्तारित) | संख्या | | ७ | ८ | ९ | १० | ११ |
| ३० | वार्षिक रोजगार समन्वय बैठक संख्या (विस्तारित) | संख्या | | ३ | ३ | ३ | ३ | ३ |

## खण्ड-९ श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource Mobilizations and Budget Management)

### ९.१ आवश्यक स्रोतको खाका

रोजगार रणनीतिक योजना कार्यान्वयनका लागि रणनीति तथा कार्यानीतिगत प्रस्तावित बजेट विवरण :

| स्तर | क्र.सं. | | जम्मा बजेट (रु.लाखमा) | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा बजेट | ५८७ | ८८ | ११७ | १४७ | ८८ | १४७ |
| रणनीतिक स्तम्भ | १ | स्रोत र सम्भावनामा आधारित रोजगारी प्रवर्द्धन | ६० | ९.० | १२.० | १५.० | ९.० | १५.० |
| रणनीतिक | १.१ | कृषि, पशुपालन, जडीबुटी र पर्यटनमा आधारित रोजगारी सम्भावना विस्तार गर्ने | ३६ | ५.४ | ७.२ | ९.० | ५.४ | ९.० |
| कार्यनीति | १.१.१ | प्राङ्गारिक खेती र सहकारी स्थापना प्रवर्द्धन गरिनेछ । | २० | ३.० | ४.० | ५.० | ३.० | ५.० |
| कार्यनीति | १.१.२ | सम्भावित क्षेत्रमा उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । | १६ | २.४ | ३.२ | ४.० | २.४ | ४.० |
| रणनीतिक | १२ | स्थानीय निर्माण कार्य र पूर्वाधार विकासमा श्रमिक परिचालन गर्ने | २४ | ३.६ | ४.८ | ६.० | ३.६ | ६.० |
| कार्यनीति | १.२.१ | सीपयुक्त श्रमिक अभिलेख र अनुदान कार्यक्रम गरिनेछ । | २१ | ३.२ | ४.२ | ५.३ | ३.२ | ५.३ |
| कार्यनीति | १.२.२ | स्थानीय श्रमिक सहभागिता अनिवार्य नीति तयार गरि कार्यान्वयन गरिनेछ । | ३ | ०.५ | ०.६ | ०.८ | ०.५ | ०.८ |
| रणनीतिक स्तम्भ | २ | श्रम बजार अनुकूल सीप विकास र प्राविधिक शिक्षा विस्तार | १२७ | १९.१ | २५.४ | ३१.८ | १९.१ | ३१.८ |
| रणनीतिक | २.१ | तालिम पूर्व तयारी र आधारभूत सीप सुदृढीकरण गर्ने | १७ | २.६ | ३.४ | ४.३ | २.६ | ४.३ |
| कार्यनीति | २.१.१ | पछाडि परेका समुदायको तालिम पहुँच सुनिश्चित गरिनेछ । | १० | १.५ | २.० | २.५ | १.५ | २.५ |
| कार्यनीति | २.१.२ | साक्षरता, डिजिटल तथा व्यवहारिक सीप तालिम सञ्चालन गरिनेछ । | ७ | १.१ | १.४ | १.८ | १.१ | १.८ |

| स्तर | क्र.सं. | | जम्मा बजेट (रु.लाखमा) | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **रणनीतिक** | **२.२** | **श्रम बजारको माग अनुसार व्यवसायिक शिक्षा र सीपमूलक तालिम सञ्चालन गर्ने** | **११०** | **१६.५** | **२२.०** | **२७.५** | **१६.५** | **२७.५** |
| कार्यनीति | २२१ | औपचारिक/अनौपचारिक क्षेत्रमा व्यवसायिक शिक्षा तथा सीपमुलक तालिम सञ्चालन गरिनेछ। | ९५ | १४.३ | १९.० | २३.८ | १४.३ | २३.८ |
| कार्यनीति | २२२ | तालिमपछि रोजगारीमा आबद्ध गराउने प्रणालीको विकास गरिनेछ। | १५ | २.३ | ३.० | ३.८ | २.३ | ३.८ |
| **रणनीतिक स्तम्भ** | **३** | **स्वरोजगार, लघु उद्यम र सहकारीमा आधारित आर्थिक सशक्तीकरण** | **१९५** | **२९.३** | **३९.०** | **४८.८** | **२९.३** | **४८.८** |
| **रणनीतिक** | **३.१** | **युवामा उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन गर्ने** | **९५** | **१४.३** | **१९.०** | **२३.८** | **१४.३** | **२३.८** |
| कार्यनीति | ३.१.१ | उद्यमशीलता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। | ३० | ४.५ | ६.० | ७.५ | ४.५ | ७.५ |
| कार्यनीति | ३.१.२ | स्वरोजगार अनुदान तथा ऋण सुविधा उपलब्ध गराइनेछ। | ६५ | ९.८ | १३.० | १६.३ | ९.८ | १६.३ |
| **रणनीतिक** | **३.२** | **लघु उद्योग, सहकारी र समूहमा आधारित रोजगारी वृद्धि गर्ने** | **१००** | **१५.०** | **२०.०** | **२५.०** | **१५.०** | **२५.०** |
| कार्यनीति | ३.२.१ | महिला/अपाङ्गतामैत्री उद्यममा प्राथमिकता दिइनेछ। | ७० | १०.५ | १४.० | १७.५ | १०.५ | १७.५ |
| कार्यनीति | ३.२.२ | सहकारी तथा समूह सशक्तीकरण र बजारीकरण सहयोग गरिनेछ। | ३० | ४.५ | ६.० | ७.५ | ४.५ | ७.५ |
| **रणनीतिक स्तम्भ** | **४** | **सुरक्षित र उत्तरदायी वैदेशिक रोजगार प्रणाली** | **१४५** | **२१.८** | **२९.०** | **३६.३** | **२१.८** | **३६.३** |
| **रणनीतिक** | **४.१** | **फर्किएका श्रमिकहरूको पुनः एकीकरण र सीप उपयोग गर्ने** | **१०५** | **१५.८** | **२१.०** | **२६.३** | **१५.८** | **२६.३** |
| कार्यनीति | ४.१.१ | फर्किएका श्रमिकहरूको सीप अभिलेख दर्ता गरिनेछ। | ७० | १०.५ | १४.० | १७.५ | १०.५ | १७.५ |
| कार्यनीति | ४.१.२ | सीप अनुसार पुनः रोजगारी र स्वरोजगार अनुदान उपलब्ध गराइनेछ। | ३५ | ५.३ | ७.० | ८.८ | ५.३ | ८.८ |
| **रणनीतिक** | **४.२** | **वैदेशिक रोजगारमा जाने श्रमिकको सुरक्षा प्रवर्द्धन गर्ने** | **४०** | **६.०** | **८.०** | **१०.०** | **६.०** | **१०.०** |

| स्तर | क्र.सं. | | जम्मा बजेट (रु.लाखमा) | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| कार्यनीति | ४.२.१ | पूर्व-प्रशिक्षण, कानुनी र भाषा तालिम गरिनेछ। | २५ | ३.८ | ५.० | ६.३ | ३.८ | ६.३ |
| कार्यनीति | ४.२.२ | लाइसेन्स प्राप्त संस्था मार्फत मात्र सहकार्य गर्न युवालाई सचेत गराइनेछ | १५ | २.३ | ३.० | ३.८ | २.३ | ३.८ |
| रणनीतिक स्तम्भ | ५ | संस्थागत क्षमता, समन्वय र नीति कार्यान्वयन सुदृढीकरण | ६० | ९.० | १२.० | १५.० | ९.० | १५.० |
| रणनीतिक | ५.१ | नीति, योजना तथा बजेट समन्वय र सहकार्य प्रवर्द्धन गर्ने | ३० | ४.५ | ६.० | ७.५ | ४.५ | ७.५ |
| कार्यनीति | ५.१.१ | वार्षिक रोजगार समन्वय बैठक आयोजना गरिनेछ | १५ | २.३ | ३.० | ३.८ | २.३ | ३.८ |
| कार्यनीति | ५.१.२ | समुदाय सहभागिता र बजेट साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ। | १५ | २.३ | ३.० | ३.८ | २.३ | ३.८ |
| रणनीतिक | ५.२ | रोजगार सेवा केन्द्र तथा अनुगमन संयन्त्र सुदृढीकरण गर्ने | ३० | ४.५ | ६.० | ७.५ | ४.५ | ७.५ |
| कार्यनीति | ५.२.१ | रणनीति कार्यान्वयन निर्देशक समिति सञ्चालन गरिनेछ। | १५ | २.३ | ३.० | ३.८ | २.३ | ३.८ |
| कार्यनीति | ५.२.२ | रोजगार सूचना केन्द्र स्थापना र अद्यावधिक गरिनेछ। | १५ | २.३ | ३.० | ३.८ | २.३ | ३.८ |

### ९.२ सम्भावित स्रोत व्यवस्थापनका रणनीतिहरु

गौमुल गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयनका लागि आवश्यक वित्तीय व्यवस्था, प्रविधि र मानव स्रोतको सुनिश्चितता गर्न विविध सम्भावित स्रोत व्यवस्थापन रणनीति अवलम्बन गरिनेछ । पहिलो, गाउँपालिकाको आन्तरिक स्रोत परिचालनलाई प्राथमिकता दिइनेछ, जसमा स्थानीय कर, सेवाशुल्क, दर्ता शुल्क तथा स्रोत उपयोग शुल्क समावेश हुनेछ। दोस्रो, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, सशर्त अनुदान तथा साझा लगानी कार्यक्रमहरूमार्फत रोजगारीका लागि स्रोत व्यवस्थापन गरिनेछ। तेस्रो, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरूसँग सहकार्य गरी परियोजना-आधारित वित्तीय सहयोग ल्याउने प्रयास गरिनेछ। चौथो, निजी क्षेत्र तथा सहकारी संस्थाहरूसँग सार्वजनिक-निजी साझेदारी (Public Private Partnership) मोडेलको प्रयोग गरी लगानी प्रवर्द्धन गरिनेछ। पाँचौं, युवा उद्यमी, महिला समूह र विपन्न वर्ग लक्षित कार्यक्रमका लागि अनुदान, सहुलियत ऋण तथा सीप तालिममार्फत स्रोत परिचालन गरिनेछ। यस्ता समन्वित उपायहरूले रणनीतिक कार्यान्वयनलाई दिगो र प्रभावकारी बनाउनेछन्।

## खण्ड-१० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था (Steering Committee, Monitoring and Evaluation)

रोजगारी रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा समन्वयका लागि गौमुल गाउँपालिकाले रणनीति निर्देशक समिति (Strategic Steering Committee) गठन गर्नेछ। यस समितिको नेतृत्व गाउँपालिकाका अध्यक्षको हुनेछ भने प्रमुख प्रशासनिक अधिकृत, वडाध्यक्षहरु, तथा सम्बन्धित शाखाका प्रमुखहरुको आवश्यकताको आधारमा सहभागिता सुनिश्चित गरिनेछ।

समितिले हरेक त्रैमासिक बैठक मार्फत रणनीतिक योजनाको कार्यान्वयन प्रगति, बजेट उपयोग, प्रमुख चुनौती तथा अवसरहरूको समिक्षा गर्नेछ। योजना कार्यान्वयनमा देखिएका समस्याहरू समाधान गर्न निर्देशन, परामर्श तथा नीतिगत सहजीकरण प्रदान गर्नु समिति प्रमुख जिम्मेवारी हुनेछ।

### १०.१ निर्देशक समिति

| **विवरण** | **पद** |
|---|---|
| गाउँपालिका अध्यक्ष | –संयोजक |
| गाउँपालिका उपाध्यक्ष | –सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | –सदस्य |
| पूर्वाधार विकास शाखा प्रमुख | –सदस्य |
| उद्यम विकास शाखा प्रमुख | –सदस्य |
| योजना शाखा प्रमुख | –सदस्य |
| वडाध्यक्ष/कार्यपालिका सदस्य मध्येबाट एक जना महिला अनिवार्य रहने गरि २ जना अध्यक्षबाट मनोनित | –सदस्य |
| रोजगार सेवा केन्द्र प्रमुख | –सदस्य सचिव |

### १०.२ अनुगमन तथा मूल्याङ्कन प्रणालीको संरचना

गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयनमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारी संरचना आवश्यक हुन्छ। यसका लागि गाउँपालिकाले रणनीति निर्देशक समितिको संयोजनमा एक विशेष अनुगमन तथा मूल्याङ्कन उपसमिति गठन गर्नेछ, जसमा योजना शाखा, रोजगार शाखा, सामाजिक विकास शाखाका प्रतिनिधि, वडास्तरीय प्रतिनिधि तथा सरोकारवाला समावेश गरिनेछन्।

उक्त प्रणालीले रणनीति योजनाले तय गरेका लक्ष्यहरूको आधारमा तयार गरिएको कार्यक्रमहरु सञ्चालन भए/भएनन, भएका भए प्रभावकारीता के कस्तो छ र कार्ययोजना यदि लागू भएको छैन भने मुख्य कारणहरु के हुन सक्छन, परिवर्तित रणनीतिहरु के कसरी अपनाउन सकिएला जस्ता विषय वस्तुमा आधारित भई अनुगमन तथा मूल्याङ्कन गर्ने छ। यसका लागि कार्यक्रमहरूको नियमित

प्रगति विवरण संकलन, मूल्याङ्कन संकेतकहरूको विश्लेषण, परिणामको दस्तावेजीकरण तथा सुधारका लागि सुझाव दिने कार्य गर्नेछ । मूल्याङ्कनमा छोट समय भित्र देखिने र लामो समय पछि देखिने परिणामहरुका दुबै तहमा सूचकको प्रयोग हुनेछ। Management Information System प्रणालीमार्फत तथ्याङ्क व्यवस्थापन तथा डिजिटल रिपोर्टिङ्ग प्रणाली विकास गरिनेछ । प्रत्येक कार्यक्रमको त्रैमासिक, वार्षिक तथा अन्तिम मूल्याङ्कन प्रतिवेदन तयार गरी निर्णय तहमा प्रस्तुत गरिनेछ ।

## खण्ड-११ जोखिम व्यवस्थापन (Risk Management)

### ११.१ सम्भावित जोखिमहरुको पहिचान

गौमुल गाउँपालिकाको रोजगार रणनीतिको कार्यान्वयनमा विविध आन्तरिक र बाह्य जोखिमहरूको सम्भावना देखिन्छ । प्रमुख जोखिमहरूमा संस्थागत कमजोरी, सीपयुक्त जनशक्तिको अभाव, तालिम र रोजगारीबीच समन्वयको कमजोरी, भौगोलिक पहुँचको अप्ठ्यारो, विपद् जोखिम (बाढी, पहिरो, हिमपात), बजेट अभाव वा ढिलाइ, युवाहरूको वैदेशिक रोजगारीप्रतिको आकर्षण, सार्वजनिक–निजी साझेदारीको कमजोर अवस्था, र योजना कार्यान्वयनमा सरोकारवाला तथा समुदायको न्यून सहभागिता प्रमुख छन् । साथै, तालिम लिएर पनि स्वरोजगार वा उद्यम सञ्चालन गर्न नचाहने प्रवृत्ति, बजार पहुँचको सीमितता, सहुलियत ऋणमा पहुँचको अभाव र संघ/प्रदेश सरकारसँगको समन्वय चुनौतीपूर्ण हुनसक्ने जोखिमहरू पनि छन् । यी जोखिमले रणनीतिक लक्ष्यहरूमा अवरोध सिर्जना गर्न सक्ने भएकाले यिनको समयमै पहिचान, वर्गीकरण र व्यवस्थापन अत्यावश्यक हुन्छ ।

### ११.२ जोखिम व्यवस्थापन योजना

उल्लेखित सम्भावित जोखिमहरूको न्यूनीकरण र व्यवस्थापनका लागि सर्वपक्षिय सहमति र सहकार्यलाई जोड दिने गरि रणनीति अपनाइनेछ । पहिलो, संस्थागत सुदृढीकरण गर्दै रोजगार शाखा तथा समन्वय समिति प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । दोस्रो, योजनाका प्रत्येक क्रियाकलापमा जोखिम पूर्व मूल्याङ्कन गरि कार्यान्वयनमा लिइनेछ । तेस्रो, विपद् जोखिम न्यूनिकरणका लागि बीमा नीति, पूर्वतयारी योजना तथा सुरक्षित संरचना निर्माण गरिनेछ ।

सामुदायिक सहभागिता बढाउन सचेतना कार्यक्रम, नियमित अन्तरक्रिया, बजेट साझेदारी, र सुझाव संकलनको विधि प्रयोग गरिनेछ। तालिम र उद्यममा युवाको सहभागिता सुनिश्चित गर्न सफल उद्यमीको अभिमुखीकरण, बीउँपूँजी सहयोग, र बजार पहुँच सजिलो बनाइनेछ ।

बजेट व्यवस्थापनमा बहुपक्षीय साझेदारी (संघ, प्रदेश, निजी तथा दातृ निकाय) विस्तार गरिनेछ। जोखिमलाई कम, मध्यम र उच्च तहमा वर्गीकरण गरि निगरानी प्रणाली बनाइनेछ, जसले कार्यान्वयनलाई लचिलो र उत्तरदायी बनाउनेछ।